Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- २२, २०७७ साल पौष २१ गते मंगलबार (Jan 5, 2020) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# शहरी बेरोजगारको कथा कस्ले सुन्छ ?

- कोरोनको संन्त्रासपछि उठन नसकेको अर्थतन्त्र ।
- बजार खुकुलो भएपनि आम्दानीको स्रोत ठप्प ।
- अभावको नाममा महगी बढेको बढ्यै ।

मोहन कार्की ।

काठमाडौं शहर हेर्न लाग्छ रहर भनेर एकजना कविको कविता लेखे त्यो कविता पढेर काठमाडौं छिरेकाहरु मध्य अवसर पाउने र समयमानै प्रगति गर्ने सँगसँगै लकले पनि साथ दिएकाहरुको लागि कविले कविता लेखेको जतिकै फलदायी भयो होला । तर जो सधै काठमाडौ शहरमा आएर जीविकोपार्जन मात्र गर्ने वातावरण बन्यो तिनिहरुको लागि कतै न कतै अप्ठ्यारो ब्यहोदै आएका मानिसहरुका लागि २०७७ साल झनै पीडादायी भएको देखिन्छ ।

कोरोनाको त्रासले भएका उधोग कलकारखान बन्द भएका छन् । होटल, पऱ्यटन, ब्यापार सुकेका छन् । काठमाडौ शहर बिगत २० बर्षभन्दा अहिले झण्डै ८०० प्रतिशत महगी बढेको छ । आम्दानीको स्रोतहरु घटेका छन् ।

यो समयमा बालबच्चा सहित बेरोजगार भई बसेका परिवारहरुको पीडा कति दर्दनाक देखिन्छ ।

लकडाउन भन्दाअगडी जसो तसो जीविकोपार्जन गर्दै आएका मानिसहरु यतिवेला रोजगार बिहिन हुदा गास बासको समेत समस्यामा परेको आफ्ना मनमिल्ने साथीहरुसँग एकअर्कामा दखेसो पोखेर दिन बिताईरहेका छन् ।

हुनत यतिवेला नेपालमा लकडाउन हटिसकेको छ । बजारहरु खुलिसकेका छन् । ब्यापारहरु हुन थालेको देखिन्छ । तर अझैपनि ठुला उधोगहरु, ब्यापारीक केन्द्रहरु बिगत जस्तै लयमा फर्किसकेका छैनन् । त्यसैले कोरोनाको समयमा कर्मचारी कटौती गरेका उधोग, होटल, पसलले पनि कर्मचारी थप्ने योजना बनाएको देखिदैन । बिगत ५० सौ बर्षदेखि काठमाडौमा भाडामा बस्दै आएका मजदुरहरु तत्कालै आफ्नो घर फर्कने वातावरण पनि नभएको बताउछन् । जसको गाउँमा पनि खेती गर्ने बारी प्रशस्त नभएकाहरुको लागि शहर नै बाध्यकारी बनेको अध्ययनले पनि देखाएको छ ।

आफन्त गाउँघरमा भएकाहरु त कोरोनाको समस्या उत्पन्न हुने बित्तिक्कै गाउँ फर्किसकेका छन् । तर जसको गाउँघरमा आफन्त बिशेष गरेर अविभावक छैन उनिहरु गाउँ फर्किएर पनि तत्कालै गास बासको उत्तिक्कै समस्या हुने भएको हुदा शहरमा नै रहनुपर्ने बाध्यताका शहरी बेरोजगारहरुको कथा दर्दनाक बन्दै गएको देखिन्छ ।

अर्कोतर्फ एकत आम्दानीको स्रोतहरु केहीपनि नभएको बेला बजार भाउभने बढेको बढ्यै छ । संकटको बेला जसो तसो सापट, उधारोमा हारगुहार गरी जाहान पालेका परिवारको लागि थप पीडा थपेको छ । जसले भोक्कै मर्ने वातावरण समेत सृर्जना हुने संम्भावना पर्वल छ ।

सरकारले कोरोनापछि बजेट भाषणमा हरेक क्षेत्रलाई समेटेको भएपनि शहरी बेरोजगारलाई कसरी सम्बोधन गर्ने भन्ने बिषयमा कुनै योजना बनाएको थिएन । छैन । त्यसकारण राजधानी काठमाडौ उपत्यका लगायत शहरी बेरोजगारको बिषय पनि निक्कै अप्ठ्यारो स्थितिमा पुगेको देखिन्छ ।

स्मरण रहोस काठमाडौ उपत्यका लगायत शहरहरुमा शहरी समस्याको मुख्य समस्या भनेको शहरी बेरोजगार नै मान्न सकिन्छ । त्यही बेरोजगारका कारण उत्पन्न हुने अभाव त्यही अभावले ति बेरोजगारहरुको मष्तिकमा पर्न जाने नकरात्मक सोच र ति नकरात्मक सोचवाट सृर्जीत घटनाले उत्पन्न हुने सामाजिक अपराधहरु समेत यसको असरको रुपमा देखिएको छ । जसले समाजलाई प्रभावित पारेको छ नै त्यो सँगसँगै राज्यलाई ब्यायभार अपराध नियन्त्रण गर्न पनि उत्तिक्कै आर्थिक बढाएको छ । राज्यको ब्यायभार अपराध नियन्त्रणमा खर्च जसरी गरिन्छ । त्यति नै मात्रमा शहरी बेरोजगारको पहिचान गरेर ति शहरी बेरोजगारहरुलाई रोजगार सृर्जना गर्ने वातावरण बनाउन सक्ने हो भने उता उत्पन्न हुने अपराध नियन्त्रण गर्ने खर्चले नै एता पुग्ने सम्भावना हुन्छ । जसले असल समाज समेत निर्माण गर्न टेवा पुग्ने छ ।

त्यसकारण नेपालको नीतिगत रुपमा अहिलेसम्म शहरी बेरोजगारको बिषयमा कुनै कार्यक्रम नभएको भएपनि शहरी बेरोजगारहरुलाई सम्बोधन गर्ने बाँकी ८ पृष्ठमा

## लिगलिगकोटको संरक्षणमा जोड दिन पत्रकारको माग

गोरखा । नेपाल पत्रकार महासङ्घ गोरखाको १०औं साधारणसभाले ऐतिहासिक लिगलिगकोटको जीर्णोद्धार र संरक्षणमा जोड दिन माग गरेको छ । महासङ्घको शुक्रबार र शनिबार पालुङटार नगरपालिका-२ आँपपीपलमा पर्ने लिगलिगकोट दरबार परिसरमा भएको साधारणसभाले ७ बुँदे लिगलिगकोट घोषणापत्र जारी समेत गरेको थियो । भग्नावशेष अवस्थामा रहेको नेपालको ऐतिहासिक लिगलिगकोट दरबारको संरक्षण जीणोद्धार र प्रचारप्रसारमा जोड दिन आग्रह गरेको महासङ्घका गोरखाका अध्यक्ष किशोरजंग थापाले जानकारी दिनुभयो ।

उहाँले महासङ्घले जारी गरेको घोषणापत्रमा नेपाल एकीकरणको उद्गमस्थल लिगलिगकोट दरबार क्षेत्रको संरक्षण, जीर्णोद्धार, प्रचारप्रसारका साथै पुरातात्विक महत्व बोकेको यस क्षेत्रको समग्र विकासका लागि ध्यान पुऱ्याउन पुरातत्व विभागलगायत सम्बन्धित निकायलाई आग्रह गरेको जानकारी दिनुभयो । त्यस्तै लामो समयदेखि बन्द रहेको गोरखाको एक मात्र विमानस्थल पालुङटार विमानस्थल पुनःसञ्चालन र मध्यपहाडी लोकमार्ग द्रुत गतिमा निर्माण सम्पन्न गर्नसमेत महासङ्घले माग गरेको छ ।

महासङ्घले जारी गरेको घोषणापत्रमा पत्रकारको क्षमता अभिवृद्धि तथा वृत्तिविकासका कार्यक्रम सञ्चालनका लागि गोरखाका सबै स्थानीय तह तथा अन्य सङ्घसंस्थासँग सहकार्य तथा सहयोगका लागि आग्रह गरेको अध्यक्ष थापाले बताउनुभयो । साधारणसभाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष गोविन्द आचार्यले पत्रकार आवाज विहीनको आवाज भएकाले सधैँ जनताका पक्षामा कलम चलाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले नेपाल एकीकरणको उद्गम थलो लिगलिगकोट दरबार भग्नावशेष अवस्था रहेको भन्दै नेपाल एकीकरणको इतिहासलाई जोगाइराख्न पनि लिगलिगकोटको संरक्षण आवश्यक रहेको बताउनुभयो । "लिगलिगकोटको जीर्णोद्धार र संरक्षणका लागि पत्रकारले पनि कलम चलाउनुपर्ने आबश्यकता छ", उहाँले भन्नुभयो, "लामो इतिहास बोकेको दरबार जीर्ण छ ।

## नेपाली कांग्रेसद्वारा आन्दोलनको कार्यक्रम सार्वजनिक

काठमाडौं । नेपाली कांग्रेसले प्रतिनिधिसभा विघटनको विरोधमा विविध कार्यक्रम गर्ने भएको जनाएको छ । कांग्रेस केन्द्रीय कार्य समितिको आइतवार बसेको बैठकले लोकतान्त्रिक मूल्य र मान्यता प्रतिकूल हुनेगरी भएका कार्यविरुद्ध वडास्तरसम्म विरोध प्रदर्शन र सभा गर्ने निर्णय गरेको हो । बैठकले यही पुस २५ गते ३३० प्रदेश सभा निर्वाचन क्षेत्रहरुमा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने, आगामी माघ ३ गते देशैभरका ७५३ पालिकामा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने निर्णय गरेको कांग्रेस स्रोतले जनाएको छ ।

माघ ८ गते देशैभरका ७५३ पालिकाका ६ हजार ७४३ वडामा विरोध प्रदर्शन एवं सभाको आयोजना गर्ने निर्णय गरेको छ । उल्लेखित कार्यक्रमबाहेक जिल्लाले स्थानीय अवस्था र आवश्यकता हेरी विरोधका कार्यक्रम आयोजना गर्ने जनाएको छ । पार्टीका भ्रातृ एवं शुभेच्छुक संस्थाले पार्टी केन्द्र र जिल्लासँग समन्वय गरी पार्टीले तोकेको कार्यक्रमबाहेक अन्य विरोधका कार्यक्रम गरिने पार्टी कार्यालयले जनाएको छ ।

बैठकले क्रियाशील सदस्यता विवरण बुझाउने मिति माघ मसान्तसम्म बैठकले पार्टीमा विलय भएका राजनीतिक दल र विभिन्न जिल्लामा



अन्य राजनीतिक दल परित्याग गरी कांग्रेसमा प्रवेश गरेका अन्य दलका नेता, कार्यकर्ता तथा क्रियाशील सदस्यको समायोजन सम्बन्धमा प्रक्रियामा रहेका क्रियाशील सदस्यताका नामावलीलाई समायोजन समितिले अन्तिम टुङ्गो गरे बमोजिम पारित गरेको छ । यसैगरी बैठकले क्रियाशील सदस्यता विवरण तोकिए बमोजिमको सदस्यता शुल्कसहित बुझाउने अन्तिम मिति आगामी माघ मसान्त तोकेको छ ।

सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकमा वरिष्ठ नेता रामचन्द्र पौडेल, केन्द्रीय सदस्यद्वय कृष्णप्रसाद सिटौला र जीवनबहादुर शाहीले आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले प्रस्ताव बाँकी ८ पृष्ठमा

## राजनीतिक दलसम्बन्धी नियमावली संशोधन

काठमाडौं । निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी नियमावली संशोधन गरेको छ । निर्वाचन अवधि सुरु भएपछि दलहरुको विवाद मिलाउन नपाइने प्रावधानलाई नियमावलीबाट झिकिएको छ । अब निर्वाचन अवधि सुरु भएपछि पनि आयोगले दलहरुको विवाद मिलाउन पाउने भएको छ ।

निर्वाचन आयोगका पदाधिकारीको आइतबार बसेको बैठकले राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम २३ को (६) को प्रावधान हटाएको छ । राजनीतिक दलसम्बन्ध नियमावली २०७४ को नियम २३ मा 'विवाद निरुपण सम्बन्धी सुनुवाईको प्रक्रिया' उल्लेख छ । यसअन्तर्गत उपनियम (६) मा भनिएको छ, 'यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अवधिभर विवाद निरुपण सम्बन्धमा कुनै कारबाही गरिने छैन ।'

तर, आयोगको बैठकले उपनियम (६) को व्यवस्था हटाएकाले अब निर्वाचन अवधिमा पनि आयोगले दलहरुको विवाद निरुपण गर्न सक्छ । अब यो निर्णय राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउनेछ ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा उत्पन्न विवादपछि दुबै समूहले आधिकारिकता दाबी गरिरहेकै समयमा आयोगले नियम संशोधन गरेको हो । सरकारले संसद विघटन गरेर निर्वाचन घोषणा गरेपछि नेकपाको केपी शर्मा ओली समूहले निर्वाचन घोषणा भएकै दिनदेखि निर्वाचन अवधि मान्नुपर्ने जिकिर गर्दै आएको थियो ।

'निर्वाचन अवधि' भन्नाले चुनाव हुने दिनभन्दा १२० दिन अगाडिको अवधि अर्थात, आयोगले चुनावी कार्यक्रम घोषणा गरेपछिको अवधिलाई बुझिन्छ । निर्वाचन अवधिको परिभाषा दिँदै निर्वाचन आयोग ऐन २०७३ को दफा २ (झ) मा भनिएको छ 'निर्वाचन अवधि भन्नाले निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनुपर्छ ।'

ओली पक्षले माग गरेअनुसार अहिलेदेखि नै निर्वाचन अवधि सुरु भएको मान्ने हो भने नियम २३ (६) अनुसार यो अवधिमा आयोगले नेकपाको विवाद निरुपण गर्न नपाउने अवस्था थियो । यही कारण आयोगले नियमावली संशोधन गरेको स्रोतले बतायो ।

नियमावली संशोधन गर्ने आयोगको निर्णयप्रति नेकपाको केपी ओली समूह भने असन्तुष्ट बनेको बुझिएको छ । सो समूहले पुस १६ देखि नै निर्वाचन अवधि सुरु भइसकेको भन्दै अहिले आएर आयोगले उपनियम (६) 'डिलिट' गर्न नहुने जिकिर गरेको छ ।

प्रधानमन्त्री ओलीनिकट स्रोतले निर्वाचन आयोगको निर्णयप्रति असन्तुष्टि जनाउँदै भन्यो, 'नेकपामा विवाद सुरु भइसकेपछि र निर्वाचन अवधि सुरु भइसकेपछि आयोगबाट यस्तो निर्णय आउनु उचित होइन ।'

निर्वाचन आयोग स्रोतले भने नियम २३ को नियम (६) मा रहेको व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन २०७३ सँग बाझिएकाले आइतबारको बैठकबाट संशोधन गरिएको बाँकी ८ पृष्ठमा

## निर्यात परिषदले भोलि २२ गते प्रभातफेरी गर्ने

काठमाडौं । पाचौँ निर्यात दिवसको अवसर पारेर नेपाल निर्यात परिषदले भोलि भृकुटी मण्डप पऱ्यटन बोर्डको अगाडी जम्मा भई प्रभातफेरी निकाल्ने भएको छ । हिजो एक पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहयोग र नेपाल हस्तकला महासंघको सहआयोजनामा सोमबार आयोजित कार्यक्रममा परिषदका अध्यक्ष हरिबहादुर कार्कीको सभापतित्वमा सम्पन्न भएको थियो । त्यस कार्यक्रममा परिषदका अध्यक्ष कार्कीले नेपालमा निर्यातको स्थिती, विगतको अवस्था र प्रबर्धनका लागि गर्नुपर्ने प्रयासका बिषयमा प्रकाश पार्दै राष्ट्रको समग्र आर्थिक विकासका लागि निर्यात प्रबर्धनको आवश्यकता एवम् अपरिहार्यता रहेको औंल्याए । अध्यक्ष कार्कीले निर्यात दिवस मनाउनुको औचित्य बारे प्रकाश पार्दै निर्यात प्रवर्धन लक्षित कार्यक्रमले निर्यातकर्ता बीचमा एकता कायम गर्दै एक्यबद्धता प्रकट गर्दै अघि बाँकी ८ पृष्ठमा

## मेलम्चीको पानी वितरणका लागि तयारी

मेलम्चीको पानी आएपछि प्रभावकारी वितरणका लागि काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले योजना तयार गरेको छ । पानी काठमाडौँमा झर्नासाथ कसरी सबैतिर चुहावट कम गरेर वितरण गर्ने भनी योजना तयार गरेर कार्यान्वयन गर्ने अवस्थामा रहेको लिमिटेडले जनाएको छ ।

यसअघि नै पानी आएपछि आउने चुनौती पहिचान गरेको र समाधानका लागि के गर्ने भन्ने तयारी अघि बढाइएको लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मिलन शाक्यले बताउनुभयो । उहाँका अनुसार लिमिटेडले खानेपानी वितरणका लागि तालिका पनि बनाइएकामा त्यसमा मन्त्रालय र बोर्ड पनि सहमत भइसकेका छन् । उपत्यकामा अहिले पानी वितरण भइरहेको पाइप सयौँ वर्ष पुरानो भएकाले चुहावट बढी हुनसक्छ । चुहावट मर्मतका लागि चाहिने सामग्री खरिद अघि बढाइएको उहाँले जानकारी दिनुभयो । एकै पटक धेरै जनशक्ति चाहिने हुँदा निर्माण कम्पनीको सूची तयार गरेर राखिएको छ । उहाँले भन्नुभयो, त्यो सूची भएपछि एकै पटक धेरैलाई परिचालन गर्न सकिनेछ । पानी मर्मतको सिलसिलामा पाइपको पानी बाहिर पठाउनुपर्ने हुँदा त्यसको समेत तयारी गरिएको प्रमुख कार्यकारी अधिकृत शाक्यले बताउनुभयो । लिमिटेडले नियमित मर्मतसँगै मेलम्चीको पानी आएपछि थप चुहावट हुनसक्ने भनी तयारी अघि बढाएको छ । गत साउनमा मेलम्ची खानेपानी आयोजनाले सुरुङमा पानी हाल्ने भनेपछि तयारी अघि बढाइएको थियो । अहिले पनि पुरानो पाइपमा चुहावट खाज्दै भेटिएका स्थानमा टालिएको लिमिटेडले जनाएको छ । अहिले देखिएका स्थानमा चुहावट टालिएको र अरु ठाउँमा देखिनासाथ टाल्न तयारी अवस्थामा बसिएको उहाँको भनाइ छ । पुरानो पाइपबाट वितरण गर्दा कतै बाँकी ८ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# रक्सीको आयात र चुरोटको आयत रोकौं

नेपालमा हुनुपर्ने काम चै केही पनि हुदैन । नहुन पर्ने काम चै भईरहन्छ । त्यस्तै पछिल्लो समय सरकारले बिदेशी रक्सीलाई नेपालमा आयात गर्न बाटो खोलिदिएको छ । यो नेपालको लागि आवश्यक थिएन । त्यस्ता बिलासिता मादक पदार्थ आयात गर्नुको साट्टो नेपालका किसानहरूलाई नेपालमा नै के उत्पादन गर्दा बिश्वमा भएकाभन्दा छुट्टै वाईन उत्पादन गर्न सकिन्छ भनेर सोच्ने हो भने बार्षिक अरबौ रूपैया बिदेश जाने रकम नेपालमा रहन्थ्यो यस्ता कामहरूमा कसैको चासो गएको देखिदैन । डा. युवराज खतिवडा अर्थमनत्री भएकै बेलामा नेपालमा बिदेशी रक्सी अर्थात वाईन आयात खुल्ला गरिएको छ । जसले नेपालमा उत्पादन भईरहेका वाईन उधोगहरूलाई संकटतर्फ धकेल्दै लगेको छ ।

नेपालको सरकार अर्न्तगतको उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालयको २०७६ ऐनलाई नै आधार मान्ने हो भने पनि सेफगार्डस् एन्टी (डम्पिङग तथा काउण्टर भेलिङ सम्बन्धमा बनेको २०७६ मा त्यस्ता कम्पनीलाई कारवाही गर्ने र क्षतिपुर्ति भराउने ब्यवस्था रहेको छ ।

तर ब्यवहारमा भने यतिवेला बिदेशी वाईनहरू नेपाली बजारमा छ्यापछ्याप्ती भएका छन् बिदेशी वाईनहरू अस्वस्थ प्रतिस्पर्धामा नेपाल भित्रदा नेपाली उधोगीको लगानी संकटमा पर्न थालेको नेपालका वाईन ब्यवसायीहरू मर्कामा परेका देखिन्छ । नेपालले आफनो बनाउने बिस्तार गर्ने र प्रबिधिमा आएको तरिकालाई अपनाउने र बिश्वमा भईरहेका अभ्यासलाई हेरेरपनि सिक्नुपर्ने हो । जुन देशमा गएपनि त्यो देशका सरकारले ब्यवस्थापन गरेको अन्तराष्ट्रिय सभा सम्मेलनमा त्यही देशको उत्पादनलाई प्रथामिकता दिएको देखिन्छ । तर नेपालमा जहिलेसुकै अरूले नै उत्पादन गरेको र सरकार मातहतमा रहेका केही ब्याक्तिलाई केही प्रलोभनमा पारेर सिंगो देशको अर्थतन्त्र, रोजगार, देशको प्रतिष्ठासम्मलाई अप्ठ्यारो पार्ने गरी काम गर्ने चलनले नेपालका उधोग ब्यापार लगानीमैत्री बन्न सकेका छैनन् ।

त्यस्तै उदारण यो पछिल्लो समय नेपालमा बिदेशी वाईनलाई आयात गर्न छुट दिनुपनि एउटा नेपालका उधोग डुबाउने खेलको रूपमा बुझ्न सकिन्छ ।

नेपालमा नै उत्कृष्ट वाईन उत्पादन गर्नसक्ने उधोगहरू स्थापना भईसकेको अवस्थामा आफनै उत्पादनलाई प्रथामिकता दिनुको साट्टो बिदेशी वाईनलाई भित्रयाएर नेपालका मदिराजन्य उधोगलाई धारासायी बनाउनु नेपाली उधोगीहरूको लागि हितकार छैन ।

त्यस्तै नेपालमा नै उत्पादन भईरहेका उत्कृष्ट वाईन उधोगहरूले नेपालमा थुप्रै नेपालीहरूलाई रोजगार दिईरहेका छन् । जसले नेपालको हरेक आर्थिक क्षेत्रसँग महत्व राख्छ । वाईन उत्पादन गर्न चाहिने कृषिजन्य सामग्री उत्पादन गर्नुपर्दा किसानलाई समेत राहात हुन्छ । तर नेपालको जिम्मेवार निकाय केही राजश्व आउने आशामा बिदेशी वाईनलाई खुल्ला गरिरहेको छ । यसो गर्नु नेपालको हितमा देखिदैन । र नेपालका वाईन उधोगीहरूले पनि नेपालमा बिदेशी वाईनले पारेको असरको बारेमा सरकारलाई वा त्यस्ता वाईन नेपालमा ल्याएर बेच्ने ट्रेडर्सहरूलाई क्षतिपुर्ति माग गर्नुपर्छ ताकी नेपालमा स्वदेशी उधोगी ब्यापारीहरूको लगानी सुरक्षित हुन्छ भन्ने सन्देश संसारमा पुग्न सकोस र त्यस्ता बहुराष्ट्रिय कम्पनीहरूले नेपालको बजार राम्रो र नेपाली प्रति माया र प्रेम हो भने नेपालमा नेपालको कानुन अनुसार अनुमति लिएर उधोग खोली ब्यापार गर्न सक्छन् । यस्ता योजनाहरू बनाउन सके पो नेपालका नेताहरूले गरेका भाषण जस्तो स्वाभिमानको कुराले नेपालीको छाती चौडा हुन्थ्यो कुरामा नेपालका अल्छी नेताहरूले चौबिस घण्टा गफ चुट्न सक्छन् केही काम गदैनन् अनि आर्थिक अभावमा परेर बसेकाहरूले ठाउँपाउदा र अवसर पाउदा गर्ने यस्तै गलत निर्णयहरूले समग्र नेपालको बिरूद्धमा काम भईदिन्छ । त्यसको असर निक्कै धेरै समयसम्म पदै नेपाल हरेक क्षेत्रमा परनिर्भर बन्दै गईरहेको छ ।

यस्ता कार्यहरू रोकिनुपर्छ नेपालमा पनि उधोगहरू छन् । तिनलाई सञ्चालन गर्न बातावरण बनाउनुपर्छ । नयाँ उधोगहरू खोल्न प्रोत्साहन गर्नुपर्छ ताकी उधोगहरू खोलिदा हजारौ हजार मानिसहरूले रोजगार पाउछन् । र नेपालका नेपाली लाईन बसेर रिन खोजेर बिदेश जाने चलनको अन्त्य हुन्छ । यो वाईन क्षेत्रको मात्र कुरा होईन हरेक क्षेत्रमा आफनो उत्पादन बढाउन सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । नेपालमा खुल्ला गरिएको बिदेशी वाईन र सुर्तिजन्य पदार्थ तुरून्त रोकिनुपर्छ ।

# समाज परिवर्तन र समाज विकास

**लक्ष्मीविलास कोइराला**

गाँउघरमा रातिराति सत्यनारायणको पुजामा 'सत्यनारायण पुजाकी जय' भन्न, सेलरोटी र कुराउनी नैवेद्यको खोसाखोस गर्न, झयाउरे र भजनमा नाँच्न गाँउन रमाउन असाध्यै रमाइलो हुन्थ्यो । माघीमा देवघाट र रियार मेलाको रात्रिकालीन माहोलमा पनि त्यस्तै रमाइलो हुन्थ्यो । आजकल रात्रिकालीन पूजाआजा, रोधी, रत्यौली, गौरा, तीज र जात्रा सामाजिक सुरक्षाकोको अभावमा घटेर गए वा छठबाहेक त छँदै छैन भन्दा पनि हुन्छ । छाउ बस्ने चलन र छुवाछूतका विरूद्ध कठोर कानून बनाएर राख्ने प्रयास पनि भइरहेकोछ भने अन्तरजातीय विवाहको लागि सरकारले नै प्रेरित गरिरहेको छ ।

नेपाल एकीकरणताका चौकोटमा सबै कपडा खोलेर भात खानै लागेका सैनिकमाथि शत्रुपक्षले आक्रमण गरेपछि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले सैनिकले कपडा नखोली भात खाए पनि जात नजाने निर्देशन जारी गर्नुभयो, जुन संस्कृति बनेर हुर्कियो । तराई र उत्तरी भेकका जिल्लाका बासिन्दालाई सडकमा दिसापिसाब गर्नु हुँदैन । टवाइलेटमा दिसापिसाब गर्नपर्छ भनेर सिकाउँदा सिकाउँदै थोरै भने पनि बानी परेको छ । नेपाली र अंग्रेजी नयाँ वर्षमा रमाउन युवापिँढीलाई कसैले सिकाइरहनुपरेको छैन । अनलाइन खाना मगाएर खाने प्रवृति अब नयाँ संस्कृति र सभ्यता बन्दै गएको छ । हाम्रा आफना चाडबाड मनाउने चालचलनमा पनि समयको कालखण्डमा आमूल परिवर्तन भएर गएका छन् ।

मानिस एक चेतनशील, गतिशील र परिवर्तनशील प्राणी हो । मानिस आदिमकालमा भिन्नभिन्न भएर बसे पनि आधुनिक युगमा समुदायमा बस्न र समाजमा रम्न मन पराउँछ । भिन्न भिन्न जातजाति, भाषा, वर्ण, रंग, संस्कृति वेशभूषा, मूल्यमान्यता, आस्था, सिद्धान्तमा आबद्ध मानिसहरूको समूह समाज हो । समाजमा समाजको व्यवस्थापनका लागि घरमुली, गुठियार, पञ्चभलादमीजस्ता सामाजिक संस्थाहरु खडागरिएका हुन्छन् । संस्कृति व्यक्ति समाज र समुदायको प्राण हो । मानिस आफनो संस्कृतिलाई अगाध माया गर्छ, त्यसैमा सबैभन्दा बढी रमाउँछ र जहाँ जान्छ बोकेर हिड्छ । समाजमा समाजका सदस्यहरूबीच व्यक्तिगत र सामूहिक स्वार्थको लागि अन्तरक्रिया भैरहने गर्दछ । समाज निराकार, असीमित, र गतिशील चरित्रको हुन्छ भने समाजमा समानता र असमानता दुवै पाइन्छ । समाज विविधताको संरक्षक र प्रवर्द्धक दुवै हो । अन्तरसम्बन्ध, अन्तरनिर्भरता र अन्तरविरोध समाजका विशिष्ठ गुणहरु हुन् । यसकारण समाजमा जहिले पनि सहकार्य, सहयोग र द्वन्द्वको वातावरण विद्यमान रहिरहेको हुन्छ ।

परिवर्तन एउटा गतिशील क्रिया हो । परिवर्तन आफै वाहेक अन्य सबै परिवर्तनशील छन् । समाज यथास्थितिमा रहन सक्दैन । समाजको परिवर्तन र समाजको विकास प्राकृतिक एवं निरन्तर चलिरहने प्रक्रिया हो । समाज परिवर्तन बहुआयमिक प्रकृतिको हुन्छ भने योजनाबद्ध वा आकस्मिक रूपमा समाजको परिवर्तन गर्ने गरिन्छ । समाज परिवर्तनलाई समय र सामाजिक वातावरणको कसीमा राखेर हेर्ने गरिएको हुन्छ । समाज परिवर्तनको उद्देश्य मानिसको व्यवहार, ज्ञान र क्षमता, विश्वास, आस्था तथा सामाजिक संरचना र संस्कृतिमा परिवर्तन गर्नु हो । समाज परिवर्तन जहिले पनि मानवमुखी हुनुपर्दछ ।

समाज परिवर्तन एक नियमित प्रक्रिया हुँदाहुँदै पनि समाज परिवर्तनमा विभिन्न तत्वहरूले महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । मानसिको मनोवैज्ञानिक सोच, परिपूर्ति गर्नुपर्ने सामाजिक आवश्यकता, सामाजिक सक्षमता विकासको जरूरी, सामाजिक समस्या र द्वन्द्वको निराकरण, प्राकृतिक वातावरणसँग समरूप सम्बन्ध स्थापना, मानिसको जन्ममृत्यु र बसाइँसराइको प्रवृतिमा परिवर्तन, व्यक्तिगत एवं सामाजिक मूल्यमान्यतामा आएको बदलाब, सूचना सम्बन्ध र नेटवर्कको विस्तार तथा प्रविधि परिवर्तन समाज परिवर्तनका कारणहरु हुन् ।

सामाजिक विकास भनेको व्यक्ति तथा समाजको सुखसमृद्धि अभिवृद्धि गर्नु, सामाजिक आवश्यकता परिपूर्ति गर्न तथा शासन सञ्चालनका समावेशी निर्णय प्रक्रियामा नागरिक सहभागी हुनु हो । सामाजिक विकास समाजको अपेक्षा हो । समाज विकास आफैंमा सामाजिक परिवर्तनको सूचक हो भने सामाजिक परिवर्तन समाजिक विकासको माध्यम पनि हो । समाज विकासले समाजको निर्माण, विकास र परिवर्तनलाई अभिन्न आयामको रूपमा लिएको हुन्छ । जनताका सामाजिक, आथिर्क एवं राजनीतिक चासाहरूलाई सार्वजनिक विकास नीति निर्माणमा समेटेको हुन्छ । समाज विकासले सम्पूर्ण सामाजिक पक्षहरूको न्यून स्वरूपबाट उन्नत स्वरूपको चाहनालाई परिपूर्ति गर्दछ । सामाजिक परिवर्तन र विकास एक्लोरूपमा समाजको विकाससँग मात्र सम्बन्धित नभएर यसले उच्च राष्ट्रिय आय, लामो औसत आयु, न्यून बाल मृत्युदर, राम्रो शैक्षिक अवसर र स्वास्थ्य सुविधा, सूचना प्रविधिको उपयोग र नेटवर्क व्यवस्था, रोजगारीको उपलब्धता तथा आधारभूत पूर्वाधार विकासलाई समेटेको हुन्छ ।

समाज परिवर्तन र विकासका पक्षमा विभिन्न सिद्धान्तहरु प्रतिपादन भएका छन् । समाज विकासलाई अब्राहम मास्लोको उत्प्रेरणा सिद्धान्तको आधारमा विश्लेषण गरिएको हुन्छ । मास्लोअनुसार शारिरीक आवश्यकता, सुरक्षाको आवश्यकता, सामाजिक सम्मानको आवश्यकता, मानसिक अमूर्त चिन्तन र आत्मसन्तुष्टि जस्ता आवश्यकताहरूको एउटा पदसोपान हुन्छ । आवश्यकताहरूको शृंखलामा एउटा पूर्ति हुना साथ मानिसमा अर्को आवश्यकता पूरा गर्ने ऊर्जा पैदा हुन्छ । यसरी मानिस आफनो आवश्यकता पूरा गर्न क्रियाशिल हुन्छ र नवीन खोज, आविष्कार र सिर्जनामा तल्लीन हुन्छ । जसले समाजमा नवीन परिवर्तन र विकास ल्याउँछ । थोमस सेलिङको क्रिटिकल मास (सक्रिय समूह) सिद्धान्तले समाजलाई अर्याप्तता, अभाव र विकृतिविरूद्ध सघर्ष गर्न अभिप्ररित गर्दछ भन्ने दृष्टिकोण राख्दछ । अर्थात उनको बाण्डवागेन प्रभावअनुसार मानिस कसैले गरेको काम वा प्रगति वा मूल्यमान्यताको देखासिखी गरेर आफनो काम गर्दछ वा बानी व्यवहार विकास र परिवर्तन गर्दछ भन्ने रहेको छ ।

चार्ल्स डारविनको क्रमागत उन्नति (इभोल्युसन) सिद्धान्तले वर्तमान समाज विगत परिवर्तनको परिणाम भन्दै समाज परिवर्तन अपरिहार्य हो जुन निरन्तर एवं क्रमागत रूपमा चरण वा बिनाचरण सरलबाट जटिलतर्फ उन्मुख हुँदै जान्छ भन्ने धारणा राख्दछ । चुनौति र प्रतिक्रिया (च्यालेन्ज रेस्पोन्स) सिद्धान्तले समाजको चरणबद्ध रूपमा परिवर्तन हुने विश्वास गर्दछ । जसको मुख्य प्रेरक समाजका समस्याहरु र तीनको समाधान खोज्ने प्रयासलाई मानेको छ ।

दुर्खिमको कार्यात्मकता ( फंसनालिज्म) सिद्धान्तले मानव शरीरले झैं समाजले धेरै कार्यहरु गर्दछ र समाजका विभिन्न संस्थाबीच सन्तुलन कायम गरेको हुन्छ । त्यस्तो सन्तुलन आन्तरिक वा बाह्य वातावरणले भंग भयो भने सामाजिक संस्थाहरूले वातावरणसँग एडप्ट गरी त्यसलाई पुनः नवीन सन्तुलनमा राख्दछन् र स्थायित्व दिन्छन् भन्ने वकालत गर्दछ ।

समाजमा एउटा शक्तिशाली वर्ग हुन्छ जो यथास्थितिलाई बनाई राख्न चाहन्छ । कार्ल मार्क्सको द्वन्द्व सिद्धान्तले समाजका शक्तिशाली र कमजोर वर्गबीच वर्ग संर्घष हुन्छ र सामाजिक मूल्यमान्यता तथा शासन प्रणालीमा परिवर्तन हुन्छ भन्ने विश्वास गर्दछ । प्रविधि परिवर्तनसिद्धान्तले प्रविधिमा भएको विकासले समाजलाई परिवर्तन गर्दै नयाँ दिशातर्फ लैजान्छ भन्ने विश्वास गर्दछ भने सूचना सञ्चार प्रविधिको विकासले सार्वजनिक सेवाहरुलाई डिजिटलाइज्ड र मानिसलाई नेटवर्कमा आबद्ध गराई मानिसका काम कारवाही, चालचलन र व्यवहारमा आमूल परिवर्तन गर्दै लगेको दृश्य हाम्रो अगाडि प्रस्ट छ ।

हरेक समाजमा अनुपम ज्ञान, क्षमता र सीप भएका मानिसहरु रहेका हुन्छन् । समाज परिवर्तनको लागि भइरहेको बानी, व्यवहार, सँस्कृति र मूल्य मान्यता परिवर्तन गर्न धेरै उर्जा प्रयोग गर्नुपर्दछ । समाजको परिवर्तन र विकास मूलतः सरकारले अख्तियार गर्ने सामाजिक नीति र कार्यक्रममा पूर्ण रूपमा निर्भर गर्ने गर्दछ । समाजले परिवर्तनबाट सामाजिक विकासको अवसर देखेको खण्डमा परिवर्तनलाई सजिलै आत्मसात गर्दछ । सामाजिक व्यवहार परिवर्तन गर्न शिक्षा, सूचना, चेतना, पर्दशन तथा उत्प्रेरणा जस्ता तत्वहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । समाजको विकास र परिवर्तनमा राजनीतिक प्रणाली, सामाजिक सांस्कृतिक व्यवहार विरूद्धका आन्दोलन, विद्रोह र आवाज तथा आर्थिक नीतिहरूमा गरिने परिवर्तनले महत्वपूर्ण भूमिका खेल्दछन् भने शिक्षा प्राप्तिको अवसर, वाक स्वतन्त्रता तथा सूचनाको हकको अभ्यासले सामाजिक परिवर्तनमा अहं योगदान दिएको हुन्छ ।

समाज विकासमा जनतालाई सेवा दिने अर्थात् जनतालाई चाहिएको छ वा छैन् त्यो नहेरी सरकारी सार्वजनिक नीति कार्यक्रम बनाएर सेवासुविधा दिने परम्परागत नीतिले खासै विकास र परिवर्तन गर्न सक्दैन् । समाज विकासमा कल्याणकारी अवधारणा र अधिकारमा आधारित धारणाको व्यापक प्रयोग भएको पाइन्छ । कल्याणकारी अवधारणाको विकास पुँजीवादी आर्थिक एवं राजनीतिक प्रणाली भएका मुलुकमा भएको हो । सरकारले जनताको कल्याण्को लागि लगानी गर्नुपर्दछ भन्ने सोचबाट विकास भएको यस धारणाले नागरिकको कल्याण्का लागि सरकारको नेतृत्वदायी भूमिका र धनको समान वितरणको अपेक्षा गर्दछ । अधिकारमा आधारित धारणाले सार्वजनिक सेवा प्राप्त गर्ने अधिकार नागरिकको हो । नागरिकको हक अधिकारअनुरूपको सेवा दिनु राज्यको कर्तव्य हो भन्ने विश्वास गर्दछ ।

समाज परिवर्तन भनेको समाजमा सकारात्मक परिवर्तन हुनु हो । समाजका उन्नत विशेषताहरूको संरक्षण गर्दे विकृति र अडमिल्दा चरित्रहरु परिवर्तन गर्नु हो । समाज परिवर्तन र विकासमा अनेकौं बाधाहरु रहेको पाईन्छ । राजनीतिक प्रतिबद्धता र सक्षमताको कमी, पुरातनवादी एवं अन्धविश्वासमा आधारित सामाजिक मूल्यमान्यता, न्यून मानव संसाधन विकास, गरिवी, अशिक्षा, फराकिलो डिजिटल डिभाइड, भ्रष्टाचार, राजनीतिक अस्थिरता, सामाजिक असुरक्षा, समजिक द्वन्द्व, कमजोर एवं अनुत्तरदायी सरकार, न्यून स्रोतसाधन उपयोग, विश्वव्यापीकरणको नकारात्मक प्रभाव, अन्तर्राष्ट्रिय सहयोगमा अनिश्चितता, सामाजिक न्यायमा आधारित विकासको कमी तथा नागरिक समाजको गतिशीलताको कमी समाज परिवर्तन र विकासका बाधा रहेको पाइन्छ ।

सामाजिक परिवर्तन र समाज विकासमा खासगरी एजेन्टको महत्वपूर्ण भूमिका रहन्छ । एजेन्ट भनेको नेतृत्व हो । नेतृत्वले समाजका समस्या र विकृति तथा अवसर र खुबी पहिचान गरी विकृति नियन्त्रण गर्ने र खुबीअनुरूप अवसरको लाभ लिन नागरिकलाई सक्षम बनाउने भूमिका खेल्न सक्दछ । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सार्वजनिक प्रशासन, राजनीतिक दलहरु, मिडिया,विकासका साझेदारहरु, विज्ञ, नागरिक समाज, व्यवसायी एवं उद्यमीहरूले समाज परिवर्तन र विकासमा एजेन्टको रूपमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । कल्याणकारी एप्रोच र अधिकारमा आधारित एप्रोचअनुरूप सरकारले जनताको अधिकारमा केन्द्रित तथा कल्याणोन्मुख जनमुखी नीति कार्यक्रमहरु बनाएर समाजको विकास र परिवर्तन गर्न महत्वर्पूण भूमिका खेल्न सक्ने भएकाले सरकार नै समाज परिवर्तन र विकासको नेता हो भन्ने तथ्य प्रमाणित छ ।

सन् २०२० मा प्रकाशित सामाजिक प्रगति सूचकांक (एसपीआई)मा नेपाल १६३ देशहरु मध्ये ११४ औं स्थानमा रहेकोछ । नेपालको स्थान श्रीलंका, मालिदप्स भुटानको भन्दा सामाजिक प्रगतिमा पछाडि र भारत र पाकिस्तानभन्दा राम्रो भएर अगाडि रहेको छ । सामाजिक प्रगति सूचकांकमा आधारभूत आवश्यकताको रूपमा पोषण र आधारभूत चिकित्सा सुविधा, खानेपानी र सरसफाइ, आवास सुविधा तथा व्यक्तिगत सुरक्षालाई समेटिएको हुन्छ । भलाइ कल्याणअन्तर्गत ज्ञान प्राप्तिमा सहज पहुँच, सूचना सञ्चारमा सहज जहुँच, अनलाइन शासन प्रणालीमा सहज पहुँच, स्वतन्त्र मिडिया, जनताको शारीरिक तन्दुरूस्ती तथा वातावरण गुणस्तर र प्रदूषणको स्तर हेर्ने गरिन्छ ।

यसैगरी अवसर शीर्षकमा व्यक्तिगत अधिकार, व्यक्तिगत स्वतन्त्रता र छनौटको अवसर, समावेशिता तथा स्तरीय शिक्षा सुविधामा पहुँचलाई लिईएकोछ । सामाजिक प्रगति सूचकांकमा नेपालको अवस्था राम्रो नदेखिनु भनेको हाम्रो समाजमा अझै पनि जातीय भेदभाव, छुवाछुत, छाउपडी, बोक्सी मान्ने विकृति कायमै छन् भन्नेहो भने पोषण, आधारभूत चिकित्सा सुविधा, खानेपानी, सरसफाई र आवास सुविधा, व्यक्तिगत सुरक्षा, ज्ञान प्राप्ति, सूचना प्राप्ति, र अनलाइन शासन प्रणालीमा नागरिकको सहज पहुँच, स्वतन्त्र प्रेस र वातावरणीय गुणस्तर पनि कमजोर रहेको स्पष्ट गर्दछ । सामाजिक प्रगति सूचकांकका सूचकहरूको शीर्षकगत रूपमा हेर्दा हाम्रो अवस्था थप निराशाजनक छ । राष्ट्रिय मानव विकास सूचकांक, २०२० अनुसार नेपालनको मानव विकासको अवस्था मजधार (०.५८७) मा रहे पनि भौगोलिक, प्रदेशगत र लैंगिक एवं जातीय रूपमा भने अत्यन्त असन्तुलित छ ।

द्वन्द्व वा विवाद वा समग्र अनुत्तरदायीपनले सामाजिक परिवर्तन र विकास सम्भव छैन । नेपालका महान राजनीतिज्ञ एवं साहित्यकार विश्वेश्वरप्रसाद कोइराला (विपि कोइराला)ले राष्ट्रिय शक्तिहरूबीच मेलमिलाप नगरिकन राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन र विकास

*बाँकी ८ पृष्ठमा*

# किसानहरुको माग जायज छ उधोगीले पैशा तिर्नुपर्छ

उखु किसानहरू आन्दोलित भएर काठमाण्डौ आई आन्दोलन गर्ने अवस्था सृर्जना भयो । त्यस क्रममा एकजना किसानको चिसोका कारण मृत्यु भएको थियो । मृत्यु हुनुभन्दा ठिक एकदिन अगाडी मात्र किसान र सरकारबीच सम्भौता भएको थियो । तिनै उखु किसानहरूले आन्दोलन गरिरहेकाछन भने नजिकमा कृषि मन्त्रालय छ । त्यस मन्त्रालयमा के भईरहेको छ भनि हाम्रो जन आकाश मिडियाको कृषि स्तम्भमा उखु किसान र सरकारबीचको सम्भौता कसरी भयो र अबका दिनमा किसानले कस्तो सुविधा पाउछन् भनी कृषि सचिव डा. योगेन्द्र कुमार कार्कीसँग कुराकानी गरेका छौ ।

**स्वागत छ याहाँलाई जन आकाश कृषि स्तम्भ कार्यक्रममा ।**

धन्यवाद ।

**अहिले जल्दो बल्दो रूपमा उठेको उखु किसानको आन्दोलन सहमतिमा टुङ्गीएको छ । यसको बारेमा बताईदिनुस न ?**

गतबर्ष उखुको ५३६ थियो मिनीमम सर्पोट प्राईज यो बर्ष सरकारले ५४४ मिनीमम सर्पोट प्राईजतोकेको छ । सरकारले यो उखु किसानहरूको पक्षमा गरेको ठुलो निर्णय हो । अर्को उखु किसानहरूले उत्पादन गरेका उखुको मुल्य र मिल मालिकहरूले उखुको तिर्नुपर्ने किसानको बक्यौता तिरी सकेको अवस्था नभएकाले बक्यौता हामीले पाउनुपर्‍यो भनि उखु किसानहरूको माग हो । उनिहरूको त्यो माग जायज हो । कृषि मन्त्रालयले किसानलाई दिनुपर्ने र किसानले पाउनुपर्ने रकम पर क्वीन्टल ५६ रूपैया २८ पैसा मन्त्रालय अर्न्तगत दिनुपर्ने रकम को.ले.नि. मार्फत पठाईसकेको छ । उतापटी चीनी उधोगीहरूले किसानको बक्यौता तिरेको अवस्था थिएन । त्यो रकम तिराउन कृषि मन्त्रालय, उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालय, सम्बन्धित बिभागहरू, कृषकहरू संयुक्त रूपमा बसेर किसानहरूको बक्यौता २१ दिनभित्र तिर्ने व्यवस्था उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पहलमा भैसकेको छ । त्यो रकम किसानहरूले पाउने रकम हो , पाउनु पर्छ । हामीले सकरात्मक सोचौ किसानहरूको लागि, उहाँहरूले पैसा पाउनुहुन्छ । आउँदा दिनमा बिगतमा किसानहरूले भोग्नु परेका समस्या, उद्योगीहरूले भोग्नुपरेका समस्याहरूलाई सँगसँगै राखेर निराकरण गर्न एउटा उच्चस्तरीय समिति पनि बनिसकेको छ ।

**बिगतमा पनि उखु किसानहरूका यस्तै सम्भौता भएका थिए । किसानहरूले रकम पाएनन् । र किसानहरू काठमाडौ आएर आन्दोलन गर्नुपर्ने अवस्था आयो आन्दोलनमा आएका एक बृद्ध चिसोले मृत्यु भएको खवर छ । त्यो बर्षको सम्भौता र यो बर्षको सम्भौतामा यो बर्षको कार्यन्वयन हुन्छ भन्ने बिश्वास केलाई गर्न सकिन्छ ?**

तपाईले ठिक प्रश्न उठाउनु भयो । किसानहरूको समस्या सावधान भईदिएको भएत किसानहरूले आन्दोलन नै गर्नुपदैनथ्यो । उहाहरूले आन्दोलन गर्नुहुन्नथ्यो । ति सम्भौताहरू कार्यन्यवन नभएकै कारण उहाहरूले आन्दोलन गर्नुपरेको हो । यो आन्दोलन भईसकेपछि सरकारले यसको संवेदनशीलताको बारेमा यसको अल्पकालीन, मध्यकालीन, दिर्घकालीन सवैखालका बिश्लेषण गरिराखेको छ। यो सम्भौता मलाई बिश्वास छ , अक्षरंश कार्यन्यवन हुन्छ । आजपनि हामी किसानहरूसँग बसेर ब्यापक छलफल गर्ने कार्यक्रम थियो । तर यहाले भनेजस्तै एकजना कृषकको मृत्युभयो भन्ने दुखःद खबर प्रप्त भएको छ । त्यसकारण आज किसानहरूसँग बस्न सकिएन । अर्कोदिन बसेर उहाहरूको पनि हामी कुरा सुन्छौ र रणनीति बनाउछौ । जो मृत्यु हुनुभयो उहाको आत्मको चिरशान्तिको कामना सहित उहाका परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने कामना पनि ब्याक्त गर्न चाहान्छु ।

**तपाई कृषि सचीव हुनुहुन्छ । किसानले गएको बर्ष मल पाएका छैनन् बिशेष गरेर मुख्यवाली धानमा मल हाल्ने बेलामा मल पाएनन् । जसले गर्दा धानको उत्पादनमा ह्रास आएको छ । अव कृषकले मल पाउछनकी पाउदैनन ?**

यहाले मलको कुरा उठाउनु भयो । सत्यकुरा बोल्नैपर्छ यसबर्ष धानको सिजनमा युरिया मलको अभाव भएकै हो । युरिया मलको अभावको बावजुद पनि धानमा सन्तोषजनक प्रगती भएको छ । मौषमले पनि साथ दियो त्यसको अलवा प्रबिधिको प्रयोग, सिचाईको ब्यवस्था पनि गरेको कारण गएको बर्षभन्दा धेरै नेपालको इतिहासमा नै सवै भन्दा धेरै ५६ लाँख २१ ह्जार मेट्रिकटन धान फलाउन सफल भएका छौ । गतबर्ष ५५ लाख ५० हजार मेट्रिकटन फलेको थियो । गत बर्ष उत्पादकत्व ३ दशमलव ८ प्रतिशत थियो भने अहिले अलि बढेर ३ दशमलव ८.२ प्रतिशत पुगेको छ । यहाले भनेको जस्तै मलको पुरै त होइन केही मात्रामा अभाव भएको हो । त्यो मल पुरा भएको भए ५६ लाँखको ठाउँमा ५७ वा ५८ लाँख मेट्रिकटन धान फलाउन सक्थ्यौ होला।

अर्को कुरा अव गहुको लागि मल हो । गहुको लागि डिएपी हामीले प्रन्याप्त मात्रमा ब्यवस्था गरेका छौ । पोटासको पनि ब्यवस्था गरेका छौ । त्यसको टपड्रेसिङ गर्नको लागि युरियाको आवश्यक्ता पर्छ त्यो हामीले ब्यवस्था गरिसकेका छौ । गहुँपछि मक्कै आउछ । मक्कैका लागि डियपी, पोटास र त्यसको पनि टपड्रेसिङगर्न युरिया चाहिन्छ । त्यसको लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालीन भनेर मलको लागि सदाको लागि हल गर्नको लागि राज्यले निश्चित एउटा कोटा छ त्यसको लागि पैशा दिईराखेको छ । त्यसलाई खरिद गर्नको लागि दूईवटा आधिकारिक निकायहरू छन् । एउटा कृषि कम्पनी र अर्को साल्ट ट्रेडिङ लिमिटेड हाम्रो समस्या भनेको मेनेजमेन् टको समस्या हो । त्यो कमजोरीलाई पत्ता लागएर हामीले एउटा रोडम्याप बनाएका छौ । एउटा टेन्डर मार्फत अर्को चै जिटुजी मार्फत ५ बर्षे योजना बनाएर मित्र राष्ट्रहरूवाट हामीले मल किन्दै आएका थियौ । त्यसमा पहिलो राष्ट्र भारत हुनसक्छ छिमेकी राष्ट्रपनि भएको कारणले साथै बगलादेश, ओमन, रसिया, चाइना,लगायतवाट किसानले दुखः नपाउन भन्नका लागि हामी संवेदनशील भएर छलफल चलाईराखेका छौ । यो छलफलले हमीलाई ५ बर्षको लागि जिटुजी मार्फत मल किन्ने योजना बनाईराखेका छौ । दिर्घकालिन समस्या समाधानको लागी क्याबिनेटवाट तिनजनाको समिति जसमा माननीय अर्थमन्त्री ज्यूको संयोजकत्वमा माननीय उधोग बाणिज्य मन्त्री ज्यू, माननीय कृषि मन्त्री ज्यू, को समिति बनाएर दिर्घकालीन रूपमा नेपालमा नै मल कारखाना खोल्न सकिन्छ की सकिदैन भनेर स्टडी गरेर बुझाउनको लागि निर्णय गरिएको छ । हुनत हाम्रो नेपालमा १९८४ मा जाइकाले अध्ययन गरेको प्रतिवेदन, २०१६ मा लगानी बोर्डले अध्ययन गरेको प्रतिवेदन र केही समय अगाडी मात्र कृषि सचीव ज्यू को टिमले गरेको स्टडीहरू छन् त्यो आधारमा हामीले शूरू गर्‍यौ भने लगभग ५, ६ बर्षमा नेपालमा मल कारखाना स्थापना हुने सम्भावना पनि छ । तर मल कारखाना सञ्चालन हुनुभन्दा पहिलाका चरणहरूमा किसानले सिजनमा चाहेको बखत चाहेजति मल पाउनुपर्छ उहाहरूको हक हो यो । म कृषि सचीव भएको नाताले मैले रोडम्याप बनाएको छु । योजना बनाएको छु । मलको अभाव हुदैन हुन दिनु हुदैन भनेर हामी लागिपरेका छौ । यहाँ मैले भन्नै पर्ने हुन्छ । हाम्रोमा जम्मा रासायनिक मल ७ लाँख मेट्रिक टनको माग रहेको छ । तर प्रत्येक बर्ष सवसिडी ( अनुदान) साढे ४ लाख मेट्रिक टन दिन सक्ने मात्र छ बजेटमा । तसर्थ यस क्षेत्रमा बजेट पनि बढाउनु पर्ने छ । अर्कोतर्फ काहीकतै दुरूपयोग गर्नु भएन काही कतै बितरण प्रणालीमा कमीकमजोरी भएको रहेछ भने पनि हामी नियन्त्रण गछौ र सिष्टममा ल्याउछौ । यसो गर्न सक्यौ भने सदाको लागि मलको अभाव अन्त्य हुन्छ भन्ने सिंगो कृषि मन्त्रालय बिश्वस्त छ । यहाँको मिडियामार्फत आम कृषकहरूलाई अनुरोध गर्न चाहान्छु ।

**हामीले उखु किसानको बारेमा कुरा गर्‍यौ मलको बारेमा पनि कुरा गर्‍यौ यो बर्ष सरकारले बजेटमा नै उल्लेख गरेको सहुलियत दरको कृषि कर्जाको बारेमा थुप्रै जन गुनासो छन् । यसमा कृषि मन्त्रालयको के भुमिका हुनसक्छ ?**

हालको कृषिको कुरा गर्दा आजको डेटसम्म आईपुग्दा आधुनिक कृषि, वैज्ञानिक कृषि,मेकानाईज कृषि कृषिमा अहिले पढेलेखेका युवाहरू राम्रो नतिजा ल्याएर पास गर्नुभएका युवाहरू समेत यो कृषि पेशामा आबद्ध हुनुभएको छ । कलाकारहरू आउनु भएको छ । उधोगपतिहरू आउनु भएको छ । राजनेताहरू आउनुभएको छ । सहकारीहरू अभियन्ताहरू आउनु भएको छ । कृषि ब्यवसायीक उन्मुखतिर लागिराखेको छ । तपाईले बैंकिङ , बीमा क्षेत्रको कुरा उठाउनु भयो । बैकको कभरेज भनेको लोन लिने कृषिमा ३ प्रतिशत सम्म छन भन्ने हाम्रो रेकर्डमा छ । यसलाई सुधार गर्नुपर्छ भनेर कृषि बिकाश बैकसँग पनि हामीले छलफल चलाएका छौ । त्यस्तै अर्को बैक एनएमबी बैकका अध्यक्षसँग मैले कुराकानी गरेको थिए । त्यस्तै एनएमबी बैकका सिइओ तथा प्रतिनिधिहरूसँग पनि कृषि कर्जाको दायरा फराकिलो र सहुलियत बढाउनु पर्‍यो, किसानले पाउनुपर्ने सुविधाहरू किसानहरूले सजिलै पाउन भनेर छलफल चलाएका छौ । उहाँहरू पनि सकरात्मक भएको मैले पाएको छु । हामी अरू बैकहरूसँग पनि छलफल गदैछौ ।



## डा. योगेन्द्र कुमार कार्की
## सचिव, कृषि तथा पशुपंछी मन्त्रालय

अर्को पक्ष ७७ जिल्लाका कृषि ज्ञान केन्द्रहरूमा कृषि बिज्ञ हुनुपर्छ भनेर प्रदेश सरकारलाई हामीले आग्रह पनि गरिसकेका छौ । हामीहरूको पहल पनि नितान्त जरूरी छ । किसानको अविभावक भनेको कृषि तथा पशुपंक्षी मन्त्रालय प्रदेशमा रहेका कृषि प्रदेश मन्त्रालय र त्यसको मातहतमा रहेका कार्यलयहरू हुन् ति कार्यलयहरूलाई नै किसानहरूले पहिला चिन्नुहुन्छ । त्यसैगरी स्थानीय निकायमा भएका हाम्रा कृषि शाखाहरू भए । किसानलाई सर्व सुलभ ढंङगवाट किसानलाई प्रदान गर्नुपर्ने सुविधाहरू उपलब्ध गराउनुपर्छ । म नै यो भन्दा अगाडी ३ न.प्रदेशको सचिव थिए । त्यहा कार्यभार सगालीरहदा हामीले ३ अर्ब साना र सीमान्तकृत किसानहरूलाई प्रथामिकता दिएर आर्य आर्जन कार्यक्रममा लागाउन ३ प्रतिशत संकट लोन दिने भनेर कोष समेत स्थापना गरेका थियौ । त्यसलाई कार्यन्वयनमा लैजान कृषि बिकाश बैंक र प्रदेश सरकारले काम भईरहेको छ । कामहरू नभएका होईनन् । अझै धेरै कामहरू गर्न बाँकीछन् । यसैमा सन्तुष्ट मान्ने ठाउ चै छैन । त्यसैले बैकहरूलाई किसानसँग पुर्‍याउने लक्ष्य छ साथै बीमालाई बढाउन कोशिस गरिराखेका छौ । कृषि भन्ने बित्तिक्कै के बुझिदिनु पर्‍यो भने अहिलेको संविधानको अनुसुचि ७,८,९ मा गाउँपालिका, नगरपालिकाको मुख्य फङसन त्यसपछि प्रदेशको फङसन हो । त्योपछि मात्र संघको फङसन हो हाम्रो फङसन भनेको क्वालिटी फङसन हाम्रो हो । ईन्टरनेशनल फङसनहरू हम्रा छन । ठुला परियोजना छन भने ति फङसन हाम्रा भए ।

तसर्थ ति कुराहरूलाई मनन गरेर कृषिलाई लैजानुपर्छ भनेर इमानदरिताका साथ वर्कआउट गरिरहेका छौ । अवको कृषि भनेको ब्यवसायिक कृषि हो । नाफामुलक कृषि हो । सम्मानजनक कृषि हो । आधुनिक कृषि हो । यि चार किसिमका लक्ष्य प्राप्त गर्न रोडम्याप बनाएर अगाडी बढाईसकेका छौ । यसको रिजल्ट तपाईहरूले ६ महिना, बर्ष दिनमा देख्न सक्नुहुन्छ । त्यो भन्दा पनि धेरै चै अलि पछि मात्र देख्नुहुन्छ । दिर्घकालीन कृषिको रिजल्ट अलि पछि आउछ । तत्कालै देखिने भनेको अल्पकालीन र मध्यकालीनका रिजल्टहरू हुन् । धानको उत्पादन हामीले बढायौं, गहुँको उत्पादन बढ्दैछ । सागसब्जी त्यसैगरी बढाउने तयारीमा छौ । त्यसैगरी फलफुलको उत्पादन बढाउने तयारीमा छौ । पोल्टीमा आत्मनिर्भर नजिक छ । अण्डामा आत्मनिर्भर नजिक छ । डेरीहरूमा आत्मनिर्भर नजिक छ । समग्र कृषिलाई आत्मनिर्भर बनाउन चरणका थप क्षेत्रहरू बिस्तार गरेर अन्नको लागि थप मेहनत र आधुनिकीकरण गरेर बाजो रहेका खेत बारीहरूलाई प्रयोगमा ल्याउन कृषिमा आर्कषण कार्यक्रम गर्दै गईरहेका छौ ।

यिनै कार्यहरू गरेर कृषिको बिकास गर्न सकिन्छ भन्ने हाम्रो बिश्वास रहेको छ ।

# 'स्पर्श म्युजिक भिडियो अवार्ड- २०२०' सम्पन्न, प्रख्यात ब्यूटी उद्यमी अवार्ड महरालाई

काठमाडौं । (टच इन्टरटेन्मेन्ट, स्पर्श फिल्म्स तथा पेजेन्ट नेपाल इन्टरनेशनल मिडियाले 'स्पर्श म्युजिक भिडियो अवार्ड- २०२०' आयोजना सम्पन्न गरेको छ । ललितपुरको बाल कुमारीस्थित म्युजिक सिटी हलमा सम्पन्न उक्त विशेष समारोहमा नेपाली सांगीतिक क्षेत्रका सर्जक र सो क्षेत्रसँग सम्बन्धित बिषयगत विभिन्न विधाका व्यक्तित्वहरूलाई पुरस्कृत तथा सम्मान गरिएको थियो । समारोहमा विभिन्न ५० विधामार्फत उत्कृष्ट सर्जकहरूलाई पुरस्कृत गरिएको हो । सोहि कार्यक्रममा दर्जनौं चलचित्रमा अभिनय गरिसकेकी अभिनेत्री मौसमी मल्ल र प्रख्यात ब्यूटी उद्यमी अवार्ड बरिष्ठ ब्यूटिसियन सुषमा महरालाई प्रदान गरेको थियो । मल्ल एक स्थापीत कलाकार हुन् भने महरा नेपालकै उत्कृष्ट ब्यूटि पार्लर फेसियल हाउसकी सञ्चालक तथा प्रवन्ध निर्देशक हुन् । महराको ब्यवसायीक सँगसँगै सामाजिक क्षेत्रमा समेत सक्रीयत रहेको छ ।

स्पर्श म्युजिक भिडियो अवार्ड-२०२० का विजेताहरू

जुरी एण्ड क्रिटिक अवार्ड




इमर्जिङ मोडल - मावन तामाङ थिङ
बेस्ट इन्डिजिनियस मोडल- माया लामा
बेस्ट किड मोडल - अपेक्षा शेरचन (आफनो जमिन)
बेस्ट डेब्यू मोडल (लोकदोहोरी)- याङजोर कार्की (दुख्ने मुटु)
बेस्ट डेब्यू मोडल (पपरमोर्डन) - अभिषेक ओली (जब सम्म)
मोडल मोडल (जुरी) - पवित्रा आचार्य (भन्दे)
बेस्ट डेब्यू सिंगर (फिमेल)- रञ्जिता लिम्बु
बेस्ट लिरिसिष्ट - गोविन्द प्रसाद कँडेल
बेस्ट सिनेमाटो ग्राफर - दिव्यराज सुवेदी
बेस्ट म्युजिक भिडियो डाइरेक्टर – आदित्य बुढाथोकी
बेस्ट मोडल (क्रिटिक)-तेलुजा खतिवडा (धेरै पछि)
बेस्ट डेब्यू सिंगर (मेल) - आयुष अर्याल

मेकअप एण्ड हेयर
इमर्जिङ मेकअप आर्टिष्ट -सजना खतिवडा
बेस्ट मेकअप आर्टिष्ट - कविता टोलाङ्गी
बेस्ट हेयर डिजाइनर- पूनम श्रेष्ठ

इमर्जिङ क्याटागोरी
बेस्ट इमर्जिङ कोरियोग्राफर (मेलर फिमेल) - मनोज बिकर सरिता खड्का
बेस्ट इमर्जिङ सिंगर - निरूता राई
बेस्ट इमर्जिङ मोडल (मेलरफिमेल) - जोर्डन राजभण्डारी र प्रशंसा र ायमाझी
बेस्ट इमर्जिङ डाइरेक्टर - प्रहिल कार्की

इन्डिजिनियस क्याटागोरी
बेस्ट मोडल इन्डिजिनियस (मेलर फिमेल) - डा.सरोजकुमार यादव र समिता गिरी
बेस्ट म्युजिक

बाँकी ८ पृष्ठमा

## ग्लोबल आइएमई बैंक १४औं वर्षमा प्रवेश

ग्लोबल आइएमई बैंक स्थापनाको १४औं वर्षमा प्रवेश गरेको छ । स्थापनाको छोटो अवधिमा नै बैंक पुँजी, व्यवसाय, शाखा/सञ्जाल समेतका हिसाबले नेपालकै ठूलो तथा मजबुत बैंक बनेको छ । हाल चुक्ता पुँजी करिब १९ अर्ब रुपैयाँ (प्रस्तावित १४ प्रतिशत बोनस प्रश्चात करिब २१ अर्ब भन्दा बढी) र संचित कोष गरी प्राथमिक पुँजी २७ अर्ब २४ करोड रुपैयाँ, कुल निक्षेप २ खर्ब ४९ अर्ब रुपैयाँ र कुल कर्जा २ खर्ब ११ अर्ब रुपैयाँ भन्दा बढी पुग्ने बैंकले जनाएको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकल ७ वटै प्रदेश तथा ७३ जिल्लामा बैंकको २६४ शाखा, २४० एटीएम, २४३ शाखा रहित बैंकिङ्ग सेवा, २४ एक्सटेन्सन काउण्टर, एक सिडीएस क्लियरिङ काउण्टरसहित, २३ राजस्व कलेक्सन काउण्टर, तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ७९७ सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डनलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । वार्षिक उत्सवको अवसरमा बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले मर्जरपछि ग्राहकलाई आधुनिक, गुणस्तरीय तथा भरपर्दो बैंकिङ सेवा प्रदान गर्न अझ सहज भएको बताए । मर्जर तथा प्राप्तीमा ग्लोबल आइएमई बैंकसँग लामो अनुभव भएको बताउँदै उनले मर्जर पछिको व्यवस्थापनमा बैंकले हासिल गरेको उपलब्धिको आधारमा आउने दिनमा पनि थप उत्साहित बनाउने विश्वास व्यक्त गरे । अध्यक्ष ढकालले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँग मर्जर/एक्विजिशनपछि बैंकको पुँजीमा अभिवृद्धि भई प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि, बैंकको वित्तीय, मानव-संशाधन, प्राविधिक एवं अन्य क्षमतामा अभिवृद्धि भएको बताए ।

## सिभिल बैंकको एक्सटेन्सन काउन्टर हेटौंडामा

समृद्धिका लागि सिभिल बैंक भन्ने नाराका साथ अगाडी बढिरहेको सिभिल बैंकले हेटौंडा उपमहानगरपालिका-१८ मा नया' एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । उक्त एक्सटेन्सन काउन्टरको उपमहानगरपालिका वडा नं. १८ का अध्यक्ष अनिल बानियाँले गरे । नयाँ शाखा सुरु भएसँगै त्यस क्षेत्रका सेवाग्राहीहरुले आफ्नो सम्पूर्ण बैंकिङ कारोबार सिभिल बैंकको एक्सटेन्सन काउन्टर मार्फत गर्न सक्नेछन् ।पाँच लाखभन्दा बढी ग्राहकलाई ११४ शाखाहरु तथा ६ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गरीरहेको बैंकले करीव ७० अर्ब भन्दा बढी निक्षेप परिचालन गरी ६१ अर्ब भन्दा बढी कर्जा लगानी गरीसकेको छ ।

## एभरेष्ट बैंकको सयौं शाखा चितवनको हाकिम चोकमा

एभरेष्ट बैंकले अत्याधुनिक बैंकिङ सेवा उपलब्ध गराउनका लागि चितवनको हाकिम चोकमा आफ्नो १००औं शाखाको सुरुवात गरेको छ । यसका साथै बैंकले घोराही, दाङमा १५ पनि ९९ औं शाखा स्थापना गरेको छ । एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत जीके नेगी र नेपाल उद्योग वाणिज्य संघ, चितवनका अध्यक्ष राजु श्रेष्ठले संयुक्त रूपमा हाकिम चोक शाखाको उद्घाटन गरेका छन् । उद्घाटन समारोहमा एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत नेगीले उच्च गुणस्तरको सम्पूर्ण अत्याधुनिक बैंकिङ सेवा प्रदान गराउने बताए । घोराहीस्थित शाखा पनि एभरेष्ट बैंकका सहायक महाप्रबन्धक केशव पौडेल र घोराही उप-महानगरका मेयर नरुलाल चौधरीले संयुक्त रुपमा उद्घाटन गरेका छन् । बैंकमा हालसम्म ११ लाखभन्दा बढी ग्राहकहरु रहेका छन् । देशैभरि छरिएर रहेको आफ्नो १०० शाखा सञ्जाल, प्रादेशिक कार्यालय, १३२ एटिएम बुथसहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल र इन्टरनेट र एसएएस बैंकिङ सुविधा प्रदान गर्दै आएको छ । यस्तै बैंकले राजस्व संकलनको लागि ३१ वटा संकलन केन्द्रबाट समेत सेवा दिइरहेको छ ।

## सिटिजन्स बैंकको शाखा रहित बैंकिङ् सेवा इलाम र चोभारमा

सिटिजन्स बैंक इन्टरनेसनलको शाखारहित बैंकिङ सेवा इलाम जिल्लाको चिसोपानी पञ्चमी बजार बजार र काठमाडौंको चोभारबाट सञ्चालनमा आएको छ । बैंकले इलाम जिल्लाको चिसोपानी, पञ्चमी बजार र काठमाडौं जिल्लाको चोभारमा पुस १५ गतेबाट १०५ र १०६ औं शाखारहित बैंकिङ्ग सेवाको सुरु गरेको हो । उक्त स्थानहरुमा सेवा सञ्चालनका लागि स्थानीय व्यवसायी राममाया सम्बाम्फे र सुरेन्द्र केसीलाई व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ । खातारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरुको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरु उपलब्ध गराउने लक्ष्य राखिएको छ । बैंकले देशैभरी फैलिएका आफ्ना १०९ वटा शाखा, ९८ वटा एटिएम र १०६ वटा शाखा रहित बैंकिङ्ग इकाइहरुबाट सेवा दिइरहेको जनाएको छ ।

## एनआईसी एशिया बैंकको वीच्याट-पे भुक्तानी सेवा

एनआईसी एशिया बैंकले वीच्याट-पे मोबाइल वालेटबाट आफ्नो मर्चेन्टमा भुक्तानी गर्न मिल्ने सेवाको थालनी गरेको छ । यसबाट नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकहरूले विभिन्न सामग्री तथा सेवा खरिद गरी लागत रकम वीच्याट-पेमार्फत भुक्तानी गर्न सक्ने छन् । यसका लागि बैंक, फष्ट पे टेक्नोलोजी प्रालि र चीनको स्वीफ्टपास कम्पनीबीच त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने, फष्ट पेका तर्फबाट निर्देशक विप्लव जोशी र स्वीफ्टपासको तर्फबाट भाइस प्रेसिडेन्ट म्याजिक टाङले हस्ताक्षर गरेका छन् । सम्झौतासँगै वीच्याट-पे मोबाइल वालेट प्रयोगकर्ताहरूले बैंक अन्तर्गतका मर्चेन्टहरूमा राखिएका क्यूआर कोड स्क्यान गरेर डिजिटल रुपमा रकम भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ । बैंकले वीच्याट-पेबाट भुक्तानी प्राप्त गर्न चाहने मर्चेन्टहरूका लागि बैंकको वेबसाइटमार्फत आवेदन दिन सकिने व्यवस्था गरेको छ । 'डिजिटल फष्ट बैंक' बन्ने आफ्नो दीर्घकालीन रणनीति हासिल गर्नका लागि बैंकले ग्राहकलाई सहज एवं सबल बैंकिङ सुविधाको लागि हालसम्म देशभर १५ हजार भन्दा बढी क्यूआर मर्चेन्टहरू खडा गरिसकेको बैंक्ले जनाएको छ । हाल कोरोना महामारीका कारण पर्यटक आवतजावत निकै कम रहेपनि वर्षेनी चीनबाट ठूलो संख्यामा पर्यटक घुम्न आउने गरेको सरकारी तथ्यांक छ । यसरी नेपालको पर्यटन क्षेत्रमा उल्लेख्य योगदान दिइरहेका चिनियाँ पर्यटकहरूले यहाँ आएर विभिन्न सेवा तथा सामग्री खरिद गरी सहज रुपमा वीच्याट-पेमार्फत भुक्तानी गर्न सक्ने बैंकले जनाएको छ । 'डिजिटल फष्ट बैंक' बन्ने दीर्घकालिन रणनीति अपनारहेको बैंकले समयअनुरुप विभिन्न डिजिटल बैंकिङका योजनाहरूका साथ आम जनमानसमाझ आफ्नो बलियो उपस्थिति जनाइसकेको दावी गरेको छ । बैंक मुलुकभर रहेका ३३३ शाखा कार्यालयहरू, ४७१ एटिएम, ९३ वटा एक्स्टेन्सन काउण्टर एवं ७६ वटा शाखा रहित बैंकिङमार्फत् सेवा दिँदै आएको जनाएको छ ।

## माछापुच्छ्रे बैंक र अग्नी इन्कर्पोरेटेडबीच व्यवसायीक सम्झौता

काठमाडौं । माछापुच्छ्रे बैंक र महिन्द्रा बाण्डको नेपालका लागि आधिकारिक बिक्रेता अग्नि इन्कर्पोरेटेडबीच व्यवसायिक सम्झौता भएको छ । सम्झौता पश्चात महिन्द्रा बाण्डको गाडीहरुको खरिद गर्न आउने ग्राहकहरुलाई माछापुच्छ्रे बैंकले सहुलियत दरमा कर्जा उपलब्ध गराउने छ । सम्झौता पत्रमा अग्नि इन्कर्पोरेटेडका तर्फबाट प्रबन्ध निर्देशक क्याविनेट श्रेष्ठ तथा माछापुच्छ्रे बेंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले हस्ताक्षर गरे । सम्झौता अनुसार माछापुच्छ्रे बैंकले देशभर रहेका आफ्ना शाखा कार्यालयमाार्फत र अग्नी इन्कर्पोरेटेडका देशभर रहेका डिलरबाट सवारीसाधान खरिद गर्न चाहने ग्राहकहरुलाई सहज र सरल रुपमा सेवा प्रदान गर्नेछ । स्थापना कालदेखि नै नयाँ नयाँ प्रविधिमा आधारित सेवा सुविधा ग्राहकमाझ ल्याउन कटिवद्ध रहेको माछापुच्छ्रे बैंक पूर्वदेखि पश्चिमका साथै हिमालदेखि पहाड, र तराईसम्म आफ्ना १६० वटा शाखाहरु, १४८ शाखारहित बैंकिङ्ग सेवा र ५ एक्सटेन्स काउण्टर समेत गरी जम्मा ३१३ स्थानमा रहेका सेवा सञ्जाल तथा १९८ वटा एटीएमहरु तथा १ हजारभन्दा बढि पीओएसमार्फत सेवा दिइरहेको छ ।

## ज्योती विकास बैंकले संस्थापक सेयर घटाउँदै

काठमाडौं । ज्योती विकास बैंकले आफ्नो १३औं वार्षिक साधारणसभा माघ १४ गते बोलाएको छ । बैंकले साधारणसभामा संस्थापक समूहतर्फको ५४.३५ प्रतिशत सेयर घटाएर ५१ प्रतिशत कायम गर्ने प्रस्ताव गरेको छ ।

संस्थापक सेयर ३.३५ प्रतिशत सेयर सर्वसाधारण सेयरमा परिणत गरी



साधारणसभाबाट स्वीकृत गर्ने बैंकले जनाएको छ । साथै बैंकले मर्जर तथा प्राप्तीको ढोका खुल्ला गरी सोको अख्तियारी सञ्चालक समितिलाई दिने उल्लेख गरेको छ । बैंकले गत बर्षको मुनाफाबाट चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर साधारणसभामा पारित गरी वितरण गर्नेछ । लाभांश र साधारणसभा प्रयोजनका लागि पुस २९ गतेदेखि माघ १४ गतेसम्म सेयर दाखिला बन्द गर्ने जनाएको छ । साथै, सभाबाट संस्थापक सेयरधनीबाट ३ जना सञ्चालक र सर्व साधारणको तर्फबाट २ जना सञ्चालक निर्वाचन गर्ने उल्लेख गरेको छ ।

# आर्थिक

## कहिले हट्छ नेपाल टेलिकमको बेतिथि ?

काठमाडौं । नेपाल सरकार अर्न्तगतको एउटै मात्र संस्था हो धेरै नाफा गर्ने मध्यको नेपाल टेलिकम त्यही टेलिकमका कर्मचारीहरुले सतप्रतिशत तलवभत्ता बुझ्ने गर्छन । त्यो सवै नेपाली नागरिकहरुले प्रयोग गर्ने टेलिफोन, मोवाईल, ईन्टरनेट प्रयोग गरेको रकमले तर सेवा सुविधा दिन चै ति कर्मचारीहरु राजाको काम कहिले जाला घाम भनेजस्तै गरेर दिन बिताउछन् भने कतिपय त बिहान कार्यलय गएर हाजिर लगाई दिनभरी अन्तै काम गर्न गएको समेत त्यहीका ईमान्दार कर्मचारीहरुले बताउछन् । धेरै जति पार्टीका झण्डा बोक्ने कर्मचारी संगठन खोलेर कम्पनीको नियम र जनताको काम गर्नुपऱ्यो भनि ब्यवस्थापनले अह्राएमा उल्टै पार्टीको पावर र धमास देखाएर घाम तापेर दिन बिताएको देखिन्छ

। सवै कर्मचारी त्यस्ता छैनन् । तर केही कर्मचारीको लापरवाही र गैर जिम्मेवार पनले नेपालको प्रतिष्ठा बोकेको सरकारको स्वामित्व भएको नाफामा रहेको नेपालीहरुको बिश्वास जित्न सफल नेपाल टेलिकमको पछिल्लो गतिबिधि ग्रहकमैत्री बन्न सकेको छैन । नेपाल टेलिकमवाट बितरित ल्यान लाईन टेलिफोन बिग्रेको खण्डमा कम्प्लेन साखामा फोन गर्दा लामो झण्झटिलो सिस्टम राखिएको छ । त्यो सिस्टममा फोन गरेपनि कहिल्यै फोन बिग्रेको स्थलमा कर्मचारी आउने गरेका छैनन् ।

पोष्टपेट मोवाईलमा नेटवर्क नटिपेर हैरान बनाईरहेको हुन्छ । त्यस्तै प्रीपेड मोवाईलमा पनि नेटवर्कको समस्या उत्पन्न भएको महिनौ बितिसक्यो तर सुधारको काम भएको छैन । नेपाल टेलिकमका हाकिमको कुन कम्पनीले काहा कति कमिशन छुट्याउछ भन्ने ध्याउन्न बाहेक अरु सोचेको देखिदैन सोचेका हुन्थेत यतिका धेरै ग्रहक समस्यामा पर्दा समस्याको सावधान खोज्न लागेका हुन्थे । त्यसकारण नेपाल टेलिकमका जिम्मेवार पदीय हैशियतमा बसेकाहरु नै गैरजिम्मेवार भएको त्यहाका कम्पनीको हित चाहाने कर्मचारीहरुले बताउदै आएका छन् । उनिहरुको भनाई र टेलिकमको क्षमता हुदाहुदै पनि निजी कम्पनी भन्दा गए ग्ज्रेको अवस्था ग्रहकले भोग्नु परेको अवस्थाले बिश्वास गर्ने आधार बनेको छ । यस बिषयमा सम्बन्धित निकायले बेलैमा ध्यान नदिने हो भने नेपाल टेलिकमको भबिष्य ईतिहाँसमा मात्र सिमित नहोला भन्न सकिन्न ।

## बैदेशिक रोजगार बिभागले थाल्यो अनलाइन सेवा

काठमाण्डौ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले अनलाइनबाट नै पुन: श्रम स्वीकृति लिन सक्ने भएका छन । वैदेशिक रोजगार विभागले १७ पुस (जनवरीं

१) देखि यस्तो सुविधा उपलब्ध गराउन लागेको हो ।

अनलाइनबाट पुन: श्रम स्वीकृति लिन श्रमिकले अनलाइनबाट नै म्यादी जीवन बिमाको रकम भुक्तानी गर्नुपर्नेछ । अनलाइनमार्फत नै कल्याणकारी कोषको रकम भुक्तानी गरिसकेपछि पुन: श्रम स्वीकृतिका लागि आवेदन दिन सक्नेछन । हाल वैदेशिक रोजगारीमा नै रहेका श्रमिकले यो सुविधा प्रयोग गर्न सक्नेछन । अनलाइनबाट पुन: श्रम स्वीकृति लिन श्रमिकले एकपटक विभागको अनलाइन प्रणालीमार्फत बायोमेट्रिक (आँखाको स्क्यान वा औँठाछाप स्क्यान) गरी श्रम स्वीकृति लिएको हुनुपर्नेछ । यसअघि नै यस्तो प्रक्रिया पूरा गरी श्रम स्वीकृति लिएका श्रमिकले अनलाइनबाट पुन श्रम स्वीकृति लिन पाउनेछन । अनलाइनमार्फत पुन: श्रम स्वीकृतिको सुविधाका लागि श्रमिकले वैदेशिक रोजगार विभागको वेबसाइटमा गएर अनलाइन श्रम स्वीकृति फारम भर्नुपर्नेछ । फारम भरिसकेपछि अनलाइन शाखा छनोट गर्नुपर्ने विभागका महानिर्देशक कुमार दाहालले बताए । अनलाइन आवेदन रिजेक्ट भएमा श्रमिकले आफनो मोबाइल नम्बर एसएमसमार्फत जानकारी प्राप्त गर्नेछन । त्यसैले, आवेदन दिँदा श्रमिकले आफ्नो मोबाइल नम्बर इमेल ठेगाना सही भर्नुपर्ने विभागले जनाएको छ ।

## सिद्धार्थ बैंकको वार्षिक साधारणसभा माघ १६ गते

काठमाडौं । सिद्धार्थ बैंकले १९औं बार्षिक साधारणसभा माघ १६ गते बोलाएको छ । बैंकले साधारणसभा र लाभास वितरण प्रयोजनका लागि पुस २८ गते सेयर दाखिला बन्द गर्ने जनाएको छ ।

गत वर्षको मुनाफाबाट बैंकले १२ प्रतिशत बोनस सेयर र ३ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश पारित गरी वितरण गर्नेछ । साथै, बैंकले अन्य बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्तीका लागि ढोका खुल्ला गरी सम्पूर्ण कामको अख्तियारी सञ्चालक समितिलाई दिने प्रस्ताव छ ।

साथै, साधारणसभामा संस्थापक समुहबाट ३ जना र २ जना सर्वसाधारण समूहबाट गरी ५ जना सञ्चालकहरु निर्वाचन गर्ने उल्लेख गरेको छ । बैंकले सभामा भर्चुअल माध्यममार्फत् आम्रापाली बैंङक्वेट बालुवाटार काठमाडौंमा हुने जनाएको छ ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

# बीपी, जीपी र कम्युनिस्ट

जगत नेपाल

यो साता राजनीतिमा चासो राख्ने धैरे नेपालीले बीपी कोइरालाको स्मरण गरे । सम्झने प्रसंग हो - राष्ट्रिय एकता तथा मेलमिलाप दिवस ।

पार्टीको आन्तरिक कलहका कारण प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पार्टीको करिब दुई तिहाइ बहुमत भएको संसद् भंग गरेर देशलाई संवैधानिक संकटतर्फ धकेलेकाले पनि यसपटक बीपीको विचार झनै सान्दर्भिक बन्न पुगेको हो । आजभन्दा ४४ वर्षअघि (२०३३ साल पुष १६ ) मुलुकको अस्तित्व संकटमा परेको विश्लेषण गर्दै आठ वर्ष लामो भारत निर्वासनबाट बीपी स्वदेश फर्किए ।

प्रजातन्त्रविरुद्ध 'कु' गरी (२०१७ साल पुष १ मा) आफूलाई (संसद्मा दुई तिहाई बहुमत प्राप्त पहिलो जननिर्वाचित प्रधानमन्त्री) जेल हाल्ने राजा (महेन्द्रका छोरा वीरेन्द्र) का उत्तराधिकारीसँग आफ्नो घाँटी जोडिएको अभिव्यक्ति उनले दिएका थिए । बीपीमाथि राजकाजसम्बन्धी आठ गम्भीर मुद्दा चलाइएको थियो । हरेक मुद्दामा मृत्युदण्ड हुनसक्थ्यो ।

त्यति बेला सिंगो दक्षिण एसियामा राजनीतिक अस्थिरता फैलिएको थियो । पाकिस्तानबाट छुट्टिएर स्वतन्त्र बंगलादेश बनेको थियो । सिक्किमलाई भारतमा विलय गराइएको थियो । दक्षिण एसियाली क्षेत्रमा तीव्र गतिमा विकसित राजनीतिक घटनाक्रमले नेपालको अस्तित्व समाप्त हुन सक्ने बीपीको विश्लेषण थियो । राष्ट्रियताको अघि प्रजातन्त्रको सबाल गौण हो, देश रहे राजनीति गरौँला । देशै नभए केका लागि राजनीति उनले भनेका थिए । तत्कालीन परिस्थितिको विश्लेषण गरेर बीपीले राजासँग मेलमिलापको हात अघि बढाए । त्यत्रो जोखिम उठाउने बीपीले किन कम्युनिस्टलाई विश्वास गरेनन् त ? जीवनभर उनले कम्युनिस्टसँग सहकार्य गर्न किन मानेनन् ?

कारण थियो - कम्युनिस्टहरुको अविश्वसनीय चरित्र ।

त्यसो त कुनै समय बीपी आफैं पनि मार्क्सवादी थिए । त्यो भारतमा अंग्रेज शासन हुँदाको कुरा थियो । राणा प्रधानमन्त्री चन्द्रशमशेरले देश निकाला गरेका कारण कोइराला परिवार पनि भारतमा निर्वासित थियो । बीपी बनारसमा पढ्दै थिए ।

तिनै ताका एकपटक पिता कृष्णप्रसादसँग रेलमा बम्बैसम्मको यात्रा गर्ने क्रममा बीपीले भारतीय कम्युनिस्ट पार्टीका महासचिव श्रीपद अमृत डाँगेसँग भेट्ने अवसर पाए । त्यही छोटो यात्राको प्रभावले उनी मार्क्सवादी बने । तर, कुरा मीठो गर्ने, सिद्धान्तविपरीत व्यवहार गर्ने, व्यक्तिगत लाभका लागि जस्तोसुकै कदम चाल्न नहिचकिचाउने कम्युनिस्ट नेताहरुको चरित्र देखेपछि उनले तिनको विचार र संगत त्यागे । भारतीय स्वतन्त्रता संग्राममा महात्मा गान्धी, जवाहलाल नेहरुलगायत राष्ट्रिय कांग्रेसका नेताहरुसँगै उनी पनि जेल परे ।

एकातिर कांग्रेस पार्टीका नेताहरु अंग्रेजविरुद्ध आन्दोलन गरेका कारण धमाधम जेल पर्दै थिए । अर्कोतिर स्वतन्त्रताको चर्को नारा लगाउने कम्युनिस्टहरु भने गोरासँगै मिलेर सुखसुविधा भोग गर्दै थिए ।

तिनताका कम्युनिस्टहरुले स्वतन्त्रता संग्राममा संलग्न नेताको विरोध त गरेनै महासचिव डागे आफू अंग्रेजहरुसँग मिलेर ठाँटसित बम्बैमा बसेका थिए । त्यस घटनाले बीपीको कम्युनिस्टप्रतिको मोह भंग भयो । कम्युनिस्ट विचारधारा छोडेपछि उनले जीवनपर्यन्त कम्युनिस्टसँग सहकार्य गर्न मानेनन् ।

बीपी भन्ने गर्थे - कम्युनिस्टहरुमाथि विश्वास गर्न सकिँदैन । उनीहरु कुरा एउटा गर्छन् भने काम अर्कै । कम्युनिस्टहरुबाट प्रजातन्त्रको रक्षा भएको इतिहास दुनियाँमा छैन । भारत अंग्रेजको उपनिवेशबाट मुक्त हुने वातावरण बन्दै गर्दा गान्धी, नेहरु, जयप्रकाश नारायण, डा. राममनोहर लोहियाजस्ता नेताहरुसँग संगत गर्न पाएका बीपी नेपाललाई राणाहरुको पञ्जाबाट मुक्त गर्ने विषयमा सोच्न थाले ।

नेपाली कांग्रेस पार्टीको स्थापना भयो । उनले २००७ को क्रान्तिको नेतृत्व गरे । त्यस बेला पनि कम्युनिस्टहरुले राणालाई सहयोग पुग्ने भूमिका खेलेको बुझाइ बीपीको थियो ।

एक सय चारवर्ष लामो राणा शाहीको अन्त्य भएपछि पनि कम्युनिस्टहरुको भूमिका प्रजातन्त्रको स्थायित्वका पक्षमा देखिएन । व्यक्तिगतरुपमा भने बीपी कम्युनिस्टसहित सबै विपक्षीको उच्च सम्मान गर्थे । कतिसम्म भने २०१५ मा सम्पन्न देशकै पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत ल्यायो । बीपी मुलुकको पहिलो जननिर्वाचित प्रधानमन्त्री भए ।

एक सय नौ सदस्यीय संसद्मा ७३ स्थानमा जितेर प्रधानमन्त्री भएका थिए उनी । त्यो संसद्मा कम्युनिस्टहरुले चार स्थानमा मात्र जितेका थिए । पहिलो संसद्मा निर्वाचित कम्युनिस्ट सांसद कमलराज रेग्मीले लेखकलाई सुनाएका छन् - 'सार्वजनिक भाषणमा बीपी कम्युनिस्टहरुको चर्को आलोचना गर्नुहन्थ्यो । सैद्धान्तिकरुपमा घोर कम्युनिस्ट विरोधी भए पनि व्यक्तिगतरुपमा भने हामीलाई निक्कै सम्मान दिनुहुन्थ्यो । त्यति बेला हिजोआजजस्तो मोटरको जमाना थिएन । न त सार्वजनिक यातायातको सुविधा नै थियो । हामी हिँडेरै संसद् पुग्थ्यौँ । सडकमा हिँडेको देखेपछि प्रधानमन्त्री मोटर रोकेर हामीलाई लिफ्ट दिनुहुन्थ्यो । म कैयौ पटक उहाको मोटरमा सिंहदरबार गएको छु । बीपीको त्यो व्यवहार देखेर हामी छक्क पर्थ्यौं ।'

तिनै ताकाको कुरा हो बीपीले कम्युनिस्ट पार्टीको सदस्य रहेका मदनमणि दीक्षितलाई पत्रिका चलाउन मासिक छ सय रुपैयाँ सहयोग दिने गरेका थिए । यस सन्दर्भमा दीक्षितले लेखकसँग भनेका छन् - 'बीपीको सहयोग नभएको भए समीक्षा पत्रिकाको जन्म हुने थिएन । उहाँलाई थाहा थियो म कांग्रेसको समर्थक थिइन ।' कांग्रेसको नेता भए पनि सबैलाई सम्मानका दृष्टिले हेर्थे र आफ्ना आलोचकलाई बढी सम्मान दिन्थे भन्ने यसै घटनाले पनि पुष्टि गर्छ ।

यस्तै एउटा प्रसंग पत्रकार भैरव रिसालले सुनाएका छन् - २०१५ सालको चुनावअघिको कुरा हो । बीपी कार्यक्रमको सिलसिलामा भक्तपुर पुगेका थिए ।

रिसाल त्यहीँ कम्युनिस्ट पार्टीको कार्यकर्ताका रुपमा सक्रिय थिए । बीपी आउने थाहा पाएपछि उनी पनि कार्यक्रम स्थलमा पुगे । रिसालले सम्झिए - 'बीपी कटुञ्जे जानु भएको थाहा पाएर म पनि गए । भुइँमा चकला ओछ्याएर बस्नुभएको थियो । उहाँ प्रजातान्त्रिक समाजवादको बारेका छलफल गर्दै हुनुहुन्थ्यो । मैले एकपछि अर्को प्रश्न गरेँ । रिसाउनु होला कि भन्ने लागेको थियो । तर, उल्टै मलाई नजिकै बोलाउनु भयो । त्यो बेला प्रश्न गरेका कारण मलाई चिन्न थाल्नुभयो र जहाँ भेट्दा पनि बोलाउनु हुन्थ्यो । आफ्नो आलोचना सुन्न रुचाउनुहुन्थ्यो ।'

सहिद गंगालाल र नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालका कान्छा भाइ विजयलाल श्रेष्ठले पनि बीपीसँगको एउटा रोचक प्रसंग लेखकलाई सुनाएका छन् - 'बीपी प्रधानमन्त्री थिए । गणेशमान मन्त्री । दाइ गंगालालसँग प्रजापरिषद्मा सँगै राजनीति गरेको नाताले मेरो भाउजुले ( सहिद गंगालाल पत्नी हसिना) गणेशमानजीलाई पटक पटक भेट्न बोलाउनु भयो । छोरालाई छात्रवृत्ति मिलाई दिनु हुन्छ कि भन्ने भाउजुको आशा थियो । गणशमानजीले 'आउँछु आउँछु' भने पनि साथीको भाइ पुष्पलाल मलाई छोडेर कम्युनिस्ट भयो भनेर भेट्न आउनु भएन । आजित भएर भाउजु बीपी कहाँ जानुभयो । काम पनि भयो । बीपी त्यति उदार हुनुहुन्थ्यो ।'

व्यक्तिगत सम्बन्ध जति राम्रो राखे पनि मूलधारका कम्युनिस्ट प्रजातन्त्रका हकमा इमानदार हुँदैनन् भन्ने बीपीको बुझाइ कायमै थियो ।

विसं २०१७ साल पुस १ गते राजाले जननिर्वाचित सरकार र संसद् भंग गरी मुलुकमा तानाशाही शासन सुरु गर्दा कम्युनिस्ट नेताहरूले आफ्ना समर्थकलाई दिपावली गर्न लगाए । त्यसपछिका दिनमा बीपीलाई विनापुर्जी आठ वर्ष जेल राखियो । छुटेपछि उनी आठ वर्ष भारत निर्वासनमा रहे । त्यो बेला कम्युनिस्टहरुले राजालाई नै साथ सहयोग दिए । त्यसैले पनि हुनसक्छ राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर स्वदेश फर्किंदा समेत उनले कम्युनिस्टमाथि विश्वास गरेनन् । बरु, प्रजातन्त्र समाप्त गरी आफूलाई जेल हाल्ने राजाका उत्तराधिकारीसँग सहयोगको हात अघि बढाए । राजासँग आफ्नो घाँटी जोडिएको अभिव्यक्ति दिए । त्यो बेला कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालले पञ्चायतविरुद्ध मिलेर मिलेर आन्दोलन गर्न राखेको प्रस्ताव स्वीकार गरेनन् । उनी भन्ने गर्थे - तपाईंहरु आफ्नो हिसाबले आन्दोलन गर्नुस्, हामी आफ्नै बलमा गर्छौं । बरु एक अर्कालाई सहयोग गरौं । तर, तपाईंहरुसँग एउटै ब्यानरमा आन्दोलनमा जान म असमर्थ छु । नेपाली राजनीतिका कम्युनिस्टहरु कति फुटे र जुटे । उही नामका धेरै कम्युनिस्ट पार्टी, तिनका फरकफरक नेता कसलाई विश्वास गर्ने कसलाई नगर्ने भन्ने धारणा थियो बीपीको । त्यसैले एक अर्कालाई सहयोग गरे पनि कम्युनिस्टसँग सहकार्य नगर्ने अडानमा उनी कायमै रहे । बीपीको जीवनकालमा कम्युनिस्टहरुले प्रजातन्त्र बलियो बनाउने भूमिका खेलेनन् ।

विसं २०३७ सालमा भएको जनमत संग्रहमा पनि धेरै कम्युनिस्टहरुले बहुदल (निलो) विरुद्ध निलो सुधारिएको पञ्चायतका पक्षमा (पहेँलोमा) मत हाले । त्यसको तीन वर्ष पछि २०३९ साल साउन छ गते बीपीको निधन भइहाल्यो । दाजुको निधनपछि उनका कान्छा भाइ गिरिजाप्रसाद कोइराला कम्युनिस्टको घोर विरोधीका रुपमा नेपालको राजनीतिमा देखिए । नेपालका कम्युनिस्टहरु राजाको छत्रछायामा बसेर सत्ता कब्जा गर्ने दाउमा रहेको उनको ठम्याइ थियो ।

विसं २०४२ जेठ १८ गते विमर्श साप्ताहिकमा सत्याग्रहका सम्बन्धमा एउटा कार्टुन छापिएको थियो ।

त्यस कार्टुनमा एकातिर सत्याग्रहमा हामी पनि भाग लिन पाउँ भनी कम्युनिस्ट नेताहरु मनमोहन अधिकारी, साहना प्रधानलगायतले अनुरोध गरेको अर्कोतिर गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला बसेको चित्रण गरिएको थियो । मनमोहनहरुलाई संकेत गर्दै कोइरालाले भन्दैछन् – ए नजिक नआओ छोइन्छ । कोइराला भन्ने गर्थे - सामम्यवादी व्यवस्था भनिने विचारधारा पनि तानाशाही भएको हुनाले म यसको कट्टर विरोधी हुँ । विसं २०४६ सालको जनआन्दोलनमा सर्वोच्च नेता गणेशमान सिंहले कम्युनिस्टहरुसँग सहकार्य गरे । संयुक्त जनआन्दोलनको बलमा तीस वर्षे पञ्चायती व्यवस्था अन्त्य भयो । विसं २०४७ जेठ २६ गते दोलखा सदरमुकाम चरिकोटमा आयोजित कांग्रेसको आमसभामा गिरिजाप्रसाद कोइरालाले माले, मशाले, मण्डले सबै सबै प्रतिक्रियावादी एकै भएको धारणा राखे ।

त्यही साल असार १० गते सिन्धुलीमा आयोजित सभामा उनले सभ्य मानिस कम्युनिस्ट हुँदैन भन्ने अभिव्यक्ति दिए ।

कट्टर कम्युनिस्ट विरोधी भएकै कारण देशका हरेक कुनामा पुग्दा कम्युनिस्ट र मण्डलेद्वारा उनको विरोध हुन्थ्यो । देशमा जहाँ पुग्यो त्यहीँ गिरिजाको विरोध हुन्थ्यो । कालो झन्डा, कालो फेटा र तुल देखाइन्थ्यो ।

कम्युनिस्ट विरोधीका रुपमा चिनिएकै कारण २०४८ सालको संसदीय निर्वाचनपछि कोइरालाको नेतृत्वमा बहुमतको सरकार गठन भएको २९ दिनमै निर्वाचित सरकारलाई सडक अन्दोलनबाट ढाल्ने खेल सुरु भयो । तत्कालीन प्रमुख विपक्षी दल नेकपा (एमाले)का नेताहरूकै प्रत्यक्ष संलग्नतामा कर्मचारी आन्दोलन चर्काइयो । प्रमुख प्रतिपक्षी दल एमालेले राजधानीका टेलिफोन बुथ जलाउने, रेलिङ भाँच्नेजस्ता काम गयो ।

लेखकसँगको अन्तवार्तामा कोइरालाले भनेका छन् - 'नेपालको राजनीतिमा मलाईसबैभन्दा बढी कालो झन्डा देखाइएको छ र यस्तो विरोधको शैली प्रयोग गर्नेमा कम्युनिस्ट नै बढी रहेका छन् । जीवनमा कति पटक कालो झन्डा देखाइयो देखाइयो ! मविरुद्ध मुर्दावादको नारा लाग्यो । त्यसले मलाई खासै असर पार्दैन । कालो झन्डा देखाउने अधिकार पनि प्रजातन्त्रले नै दिएको हो । आफैँलाई कालो झन्डा देखाउँदा पनि हामीले गरेको संघर्षबाटै प्राप्त अधिकारको जनताले उपभोग गरेका हुन् भन्नेजस्तो लाग्छ । तर, अर्काको कार्यक्रममा ढुंगामुढा गरेको भने मलाई पटक्कै मन पर्दैन ।'

कट्टर कम्युनिष्ट विरोधी छविका गिरिजाप्रसाद कोइरालाले दस वर्ष लामो सशस्त्र विद्रोहमा लागेका माओवादी ( कर्म्युनिस्ट) लाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराए । यस प्रसंगका कोइरालाले लेखकसँग भनेका थिए - 'बीपीको राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई आधार मानेर मैले माओवादीसँग वार्ताको हात अघि बढाएँ । प्रजातन्त्रवादीले गैरप्रजातन्त्रवादीलाई लोकतन्त्रको बाटोमा हिँडाउन उनीहरुको मन परिवर्तन गराउने रणनीतिमा जानुपर्छ भनेर आफ्नो छ दशक लामो राजनीतिक जीवनलाई दाउमा राखेर नै त्यो कदम चालेको हु ।' कोइरालाको नेतृत्वमा पहिलो पटक संविधान सभा निर्वाचनमात्र भएन २३८ वर्ष लामो राजसंस्थाको अन्त्य गरी मुलुकले गणतन्त्रतर्फको यात्रा सुरु गऱ्यो । तर, उनलाई माओवादी कम्युनिस्टले पूर्वसहमतिअनुसार राष्ट्रपति हुन भने दिएनन् । संयोगले यति बेला फेरि एकातिर कम्युनिस्टका कारण संविधान र लोकतान्त्रिक व्यवस्था संकटमा छ अर्कोतिर कांग्रेस नेतृत्व अलमलमा ।

बीपीले आफ्ना उत्तराधिकारी नेताहरूलाई भनेका थिए - मेरो अनुपस्थितिमा कुनै निर्णय लिन अप्ठेरो भयो भने एक मुठी माटो हातमा लिएर देश र जनतालाई सम्झिनु र निर्णय लिनु । समयक्रमले बीपीका अनुयायीहरुमा फेरि मुलुकको राजनीतिक रंगमञ्चमा निर्णायक भूमिका निर्वाह गर्ने दायित्व आइपरेको छ । यति बेला कांग्रेस नेतृत्वले लिने बाटाले नै मुलुक र लोकतन्त्रको मार्गचित्र निर्धारण गर्नेछ । कांग्रेस नेतृत्वलाई चेतना भया ! - बाह्रखरी

# रामेछाप डायरी

## लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष खडका पुनः पक्राउ

उच्च अदालत पाटनको आदेशमा थुनामुक्त भएका रामेछापको लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष गोविन्द खडका पुनः पक्राउ परेका छन् । जबरजस्ती करणीको आरोपमा जेलमा रहेका खडकालाई उच्च अदालतले विहिवार थुनामुक्त गर्न आदेश दिएको थियो । अदालतले माग गरेको पाँच लाख टरौटी बुझाएर रिहा हुने क्रममा अदालत परिसरबाटै जिल्ला प्रहरी कार्यालय रामेछापले पक्राउ गरेको हो । उनलाई सम्पत्ती शुद्धिकरण मुद्दामा पुनः पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख बसन्त पाठकले बताउनुभयो । उहाँका अनुसार खडकालाई थप कारवाहीको लागि आइतवार सम्पत्ती शुद्धिकरण विभागमा बुझाइनेछ । खडकाको विरुद्ध अकुद सम्पत्ति कमाएको विषयमा मुद्दा परेपछि प्रहरीले पक्राउ गरेर विभागमा बुझाउने भएको छ । गत साउनमा पक्राउ परेका खडकालाई जबरजस्ती करणीको मुद्दामा दोषी ठहर गर्दै जिल्ला अदालतले रामेछापले पुर्पपक्षको लागि जेल पठाउने फैसला गरेको थियो । उक्त फैसलाप्रति असहमति जनाउदै खडकाले उच्च अदालत पाटकमा मुद्दा दायर गरेका थिए । पक्राउ परेका खडकालाई जिल्ला प्रहरी कार्यालय मन्थलीको हिरासतमा राखिएको छ ।

## रामेछापमा थपिए सात जना कोरोना संक्रमित

रामेछापमा थप सात जनामा कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ । शुक्रबार दोरम्बा गाउँपालिकाबाट पीसीआर परीक्षणका लागि पठाइएका ११ जना मध्ये सात जनामा कोरोना सङ्क्रमण भएको स्वास्थ्य कार्यालय रामेछापले प्रेस विज्ञप्ती मार्फत जानकारी दिएको छ । जनस्वास्थ्य कार्यालय रामेछापका अनुसार दोरम्बा गाउँपालिकामा कार्यरत २३,२६ वर्षका महिला र २६ वर्षका पुरुष स्वास्थ्यकर्मी र दोरम्बा गाउँपालिका वडा नं ६ का २९ र ४० वर्षका महिला , १३ वर्षीय बालक,दोरम्बा गाउँपालिका वडा नं ५ का ३४ वर्षीया महिलामा कोरोना देखिएको हो । दोरम्बा गाउँपालिका वडा नं ६ का २९ वर्षका महिलामा स्वास्थ्य समस्या आएका कारण थप उपचारका लागि केएमसी अस्पताल काठमाडौं पठाइएको जनस्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाले बताउनुभयो । आज थप सात जनामा कोरोना सङ्क्रमण भएसङ्गै रामेछापमा कुल सङ्क्रमितको सङ्ख्या २१६ जना पुगेको छ । यसमध्ये दुई सय तीन जना कोरोना मुक्त भएर डिस्चार्ज भइसकेका छन् । जिल्ला अस्पताल रामेछापमा दुईजना, मन्थली नगरपालिकामा दुईजना र दोरम्बा गाउँपालिकामा ९ जना गरी १३ जना कोरोनाका सक्रिय सङ्क्रमितको आइसोलेशनमा उपचार भैरहेको छ ।

## २४ औं बेथान वीरता दिवस मनाइयो

रामेछाप । नेकपा प्रचण्ड-नेपाल समुहले सुनापती गाउँपालिका-४ बेथानमा २४ औं वीरता स्मृति दिवस मनाएको छ । वीरता दिवसको अवसरमा बेथानको चौकी आक्रमण गर्ने क्रममा शहीद हुनुभएका तीन जना शहीदको अर्धकदको शालिक समेत अनावण गरिएको छ । २०५३ साल पुस १९ गते तत्कालिन नेकपा माओवादीले जनयुद्धको क्रममा बेथानको प्रहरी चौकी कब्जा गरेको थियो । प्रहरी चौकी कब्जा गर्ने क्रममा तीर्थ गौतम, फत्त बहादुर स्लामी मगर र दिलमाया बमजनको शहादत प्राप्त गरेका थिए । कार्यक्रममा नेकपाका बागमती प्रदेश कमिटीका अध्यक्ष नारायण दाहालले बेथानमा बगेको रगतबाट प्राप्त उपब्धिमाथि भइरहेको असंवैधानिक कदमका विरुद्ध शसक्त रुपमा प्रतिवाद गरिने बताए । कार्यक्रममा नेकपाका नेता गंगा कार्कीले बेथानमा बगेको रगतबाट अहिलेको परिवर्तन सम्भव भएको बताउदै प्राप्त अधिकार कुण्ठित गर्न खोज्ने खेल असफल हुने बताए । उक्त कार्यक्रममा नेकपाका जिल्ला इन्चार्ज देवशकंर पौडेलले सरकारले असंवैधानिक रुपमा गरेको संसद विघटनको विरुद्ध जनस्तरबाट प्रतिवाद गरिने बताए । नेकपा रामेछापका सह-इन्चार्ज श्याम कुमार श्रेष्ठले बेथानको बलिदानीबाट प्राप्त अधिकारमाथि कुठराघात गर्ने प्रपञ्च कुनै पनि हालतमा सफल हुन नदिने बताए । प्रवास समन्वय कमिटीका अध्यक्ष एवं नेकपाका केन्द्रीय सदस्य युवराज चौलागाईले नेपालको परिवर्तनमा बेथानको योगदान महत्वपूर्ण रहेको बताए । कार्यक्रममा नेकपा रामेछापका अध्यक्ष मैन कुमार मोक्तान, सचिव शान्ति पौडेल, नेकपाका नेता टंकलाल घिसिङ, सुनापती गाउँपालिकाका अध्यक्ष धावा लामा, दोरम्बा गाउँपालिकाका अध्यक्ष कमानसिंह मोक्तान लगायतको सहभागीता रहेको थियो । नेकपाले पानीघाटमा शहीद स्मृति पार्क समेत निर्माण गरेको छ ।

## रामेछापमा दुई पत्रकार सहित विभिन्न व्यक्ति सम्मानित

रामेछाप । रामेछाप जिल्लामा रहि वातावरण संरक्षणका क्षेत्रमा समाचार लेख्ने दुईजना पत्रकार सहित विभिन्न व्यक्ति तथा संस्थाहरु सम्मानित भएका छन् । जिल्लामा विग दुईवर्षदेखी वातावरण संरक्षणको क्षेत्रमा काम गरिरहेको वातावरण संरक्षण परियोजनाले वातावरण संरक्षण बारे समाचार सम्प्रेशन गर्ने गोरखापत्र रामेछापका रिपोर्टर नवराज श्रेष्ठ र कान्तिपुर टेलिभिजनका जिल्ला रिपोर्टर दिपक भट्ट , तीनवटा संस्था र सातजना व्यक्तिहरुलाई नगद सहित प्रशंसा पत्रले सम्मान गरेको हो । परियोजनाले सन २०२० मा वातावरण संरक्षणका क्षेत्र अन्तरगत फोहोर व्यवस्थापनमा योगदान गर्ने रामेछाप सहयोगी मन (रासम) , सिद्धेश्वर बालक्लव सालु र सामुदायिक वन जोगाउन योगदान गर्ने सानिमदौ सामुदायिक वनलाई नगद सात हजार रुपैयाँ सहित प्रशंसा पत्रले सम्मान गरेको छ । परियोजना मार्फत सन २०२० मा सञ्चालन भएको कार्यक्रमको समिक्षा तथा आगामी कार्यक्रमका लागि सुझाव सङ्कलन गर्न आइतबार मन्थलीमा आयोजना गरेको कार्यक्रममा पत्रकार नवराज श्रेष्ठ, दिपक भट्ट ,कृषिमा वनमा योगदान गर्ने कठजोरका रमेश कुमार अधिकारी, हात्तिटारका गणेश माझी,होम माझी,रुपा सुवेदी ,माछा पालनमा योगदान गर्ने लक्ष्मण श्रेष्ठ,खानेपानीको मुहान संरक्षणमा योगदान गर्ने राम नारायण श्रेष्ठलाई नगद पाँच हजार रुपैया सहित प्रशंसा पत्रले सम्मान गरेको हो । वातावरण संरक्षणका क्षेत्रमा योगदान गर्नेहरुलाई सम्मान गर्नुहुदै मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेतले परियोजनाले सञ्चालन गर्ने कार्यक्रमका बारेमा स्थानीय सरकारसङ्ग धैरै भन्दा धैरै समन्वय गरी प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । परियोजनाले कुनै राजनितिक आग्रह पूर्वाग्रह नराखी काम गर्नुपर्ने बताउदै नगरप्रमुख बस्नेतले परियोजनाको कार्यक्रमबाट मिलेको उपलब्धीहरुको सबै मिलेर रक्षा गर्नुपर्ने बताउनुभयो । वातावरण संरक्षण परियोजनाका व्यवस्थापक मिलन कुमार घिसिङले मन्थली नगरपालिकाको वडा नं १ देखी ६ र रामेछाप नगरपालिकाको वडा नं ७,८र ९ मा सञ्चालन गरिरहेको कार्यक्रमलाई थप प्रभावकारी बनाउन सवैको सहयोग आवश्यक हुने बताउनुभयो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# गौरवका आयोजना निरन्तरताले समृद्धोन्मुख काभ्रेपलाञ्चोक

काभ्रेपलाञ्चोक । शिक्षा मन्त्रालयबाट काभ्रेपलाञ्चोकमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय भौतिक पूर्वाधार विकास निर्माणमा चालू वर्षमा रु एक अर्ब २० करोड बजेट छुट्याइएको छ ।

यो वर्ष बिपी राजमार्ग सडक आयोजनामा रु ५३ करोड सात लाख, पाँचखाल शहरी खानेपानी तथा सरसफाइ आयोजनामा रु ३४ करोड ४१ लाख, सुरक्षण मुद्रण केन्द्र पूर्वाधार विकासमा रु ३० करोड ४० लाख, प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार विकासमा रु २० करोड ३४ लाख, मण्डनदेउपुरमा खानेपानीका लागि रु नौ करोड र सिँचाइमा रु दश करोड नौ लाख, सामुदायिक विद्युतीकरणमा रु दश करोड, अरनिको राजमार्ग स्तरोन्नतिका लागि रु सात करोड ४० लाख र काभ्रे भ्याली स्मार्ट सिटी पूर्वाधार निर्माणमा रु पाँच करोड नौ लाख बजेट विनियोजन भएको छ । यस्तै, कोशीपूर्वस्थित सडक कालोपत्र गर्न रु ३३ करोड बजेट छुट्याइएको छ । यीसँगै करोड बजेट नाघेका थुप्रै योजनाको काम भइरहेका छन् । यो वर्ष पनि जिल्लामा ठूला आयोजनामा पूर्वाधार निर्माणमा छुट्याइएको बजेटले स्थानीयवासीमा खुशियाली देखिएको छ । ठूला क्रमागत आयोजनाले स्थानीयवासीमा आशा पलाएको पाइन्छ ।

ठूला योजनामा पूर्वाधार निर्माणमा बजेट छुट्टिँदा विकास शुरु भएको महसुस भएको छ, यस्ता आयोजना क्रमागतमा रहँदा विकासले निरन्तरता पाउँदा खुशी छौँ पाँचखाल नगरपालिका-४ का कञ्चन अधिकारीले भन्नुभयो, काभ्रेपलाञ्चोकमा वर्षेनी राष्ट्रिय गौरवका आयोजनाले निरन्तरता पाएका छन् । राष्ट्रिय गौरवका क्रमागत आयोजनाले जिल्लालाई विकासको बाटोमा लगेको बनेपा नपा-६ का राजेन्द्र थापा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, गत आर्थिक वर्षमा पनि केन्द्रीय सरकारबाट जिल्लामा १०४ योजना परेका थिए, त्यसमध्ये राष्ट्रिय गौरव र ठूला आयोजनाले निरन्तरता पाएका छन् । उहाँका अनुसार राष्ट्रिय राजमार्ग, स्थानीयस्तरमा सडक निर्माण, शैक्षिक संस्था, पुल तथा निर्माणाधीन विशेष आर्थिक क्षेत्र (सेज), ठूला तथा एकीकृत खानेपानी आयोजना, युवा एभिएसन सेन्टर र मदन भण्डारी विश्वविद्यालय, प्रतिरक्षा विश्वविद्यालय, सिँचाइ र तीन नगरलक्षित करिडोर, सौर्य ऊर्जा तथा ग्रामीण विद्युतीकरण, सुरक्षण मुद्रण केन्द्रलगायत दीर्घकालीन महत्वका दर्जनौं आयोजनाले रिन्तरता पाएका छन् । ठूला आयोजनाले जिल्लाको मुहार फेरिनेमा विश्वस्त छौँ , थापाले भन्नुभयो । पछिल्लो केही वर्षदेखि समृद्ध काभ्रेपलाञ्चोकको परिकल्पनासँगै यसका सूचकका रुपमा राष्ट्रिय गौरवका दीर्घकालीन आयोजनाले प्राथमिकता पाउँदै गएको र क्रमागत योजनाले झन् काभ्रेलीलाई उत्साहित बनाउँदै लगिरहेको पाइन्छ । योसाथै, दूर्गम क्षेत्रबाट राष्ट्रिय राजमार्गसँग जोड्ने रोशी, कोशी र डाँडापारी क्षेत्रमा पुल/सडक निर्माणका नयाँ योजनाले जिल्लाको 'कायापलट' गराउनेनै छ । काभ्रे भ्याली स्मार्ट सिटी, भक्तपुरदेखि धुलिखेलसम्म छ लेनको राजमार्ग निर्माण, ललितपुर ग्वार्को-काभ्रेपलाञ्चोक, कटुञ्जे राष्ट्रिय राजमार्ग, महाभारत पहाडी रेञ्जमा ट्रेल, बुद्ध सर्किट, कोशीपारी जोड्ने चेहेरे पुल, स्थानीय तहका बृहत खानेपानी, सामुदायिक विद्यालयलाई डिजिटलाईजेशन जस्ता महत्वपूर्ण आयोजनामा बजेट विनियोजन भएका छन् । निर्वाचनका समय जनतासँग गरेका वाचाअनुरुप विश्वासको मतको कदरस्वरुप केन्द्रीय सरकारमार्फत आयोजना ल्याइएको पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ,जनताको विश्वासलाई कहिल्यै धोका दिएको छैन, दिने पनि छैन । निवर्तमान सांसद एवं नेकपाका केन्द्रीय सदस्यसमेत रहनुभएका बाँस्कोटाले गत वर्षको चालू योजनाले

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस् ।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभाव रहित सत्यतथ्य सूचनाको सम्प्रेषण गरी शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तब्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### मालीमा दुई फ्रान्सेली सैनिकको मृत्यु

अफ्रिकी मुलुक मालीको उत्तरी क्षेत्रमा सडक किनारामा बिछ्याइएको बिस्फोटक पदार्थ बिस्फोट हुँदा दुई फ्रान्सेली सैनिकको मृत्यु भएको छ । अघिल्लो दिन पनि तीन जना सैनिक यस्तै किसिमबाट मारिएका थिए । सन् २०१३ मा फ्रान्सेली सेना पश्चिमी अफ्रिकी मुलुक मालीमा तैनाथ भएयता ५० जना फ्रान्सेली सैनिकको मृत्यु भएको फ्रान्सेली सैनिक मुख्यालयले जनाएको छ । उक्त घटनामा अर्का एक सैनिक घाइते भएका छन् । मालीमा जारी जिहादी आक्रमणलाई निस्तेज बनाउन फ्रान्सेली सेना मालीमा तैनाथ गरिएको छ । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले सैनिकको मृत्यु भएकामा दुःख प्रकट गर्नुभयो ।

### भारतमा कोरोनाविरुद्धका दुई खोपलाई स्वीकृति

भारतमा कोरोनाविरुद्धको दुई ओटा खोपलाई प्रयोगका लागि स्वीकृति दिइएको छ । सेरम इन्स्टिच्यूट अफ इन्डिया र भारत बायोटेकका खोपलाई आपतकालीन अवस्थामा प्रयोग गर्न अनुमति दिइएको हो । विज्ञहरुको सिफारिसका आधारमा दुवै खोपलाई स्वीकृति दिइएको भारतको औषधि नियन्त्रकको कार्यालयले आइतबार जनाएको छ । कार्यालयको निर्णयका बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा खोप कति सुरक्षित छ भन्ने एकिन गरेर मात्रै स्वीकृति गरिएको अधिकारीहरुले बताएका थिए । सुरक्षाको विषय आफूहरुको मुख्य चासो भएको उनीहरुको भनाई थियो ।

खोपले कुनै हानि नगरे पनि केही सहायक असर भने गर्न सक्ने अधिकारीहरुले बताएका छन् । सामान्य ज्वरो आउने र अन्य खोप लगाउँदा झैं सामान्य दुखाई लगायतका पीडा हुने उनीहरुको भनाई छ ।

सेरमको खोपले यही जनवरी १ र २ तारिखमा तोकिएको मापदण्ड पुरा गरेको पनि नियन्त्रकको कार्यालयले जनाएको छ । यो खोप २३ हजार ७४५ जनामा परीक्षण गर्दा प्रभावकारी नजिता दिएको देखिएको सेरमले दावी गरेको छ । परीक्षणमा १८ वर्ष वा सो सरहदेखि त्योभन्दा धेरै उमेरका मानिसहरु सहभागी भएका थिए । परीक्षण गर्दा सेरमको खोपले औसतमा ७०.४२ प्रतिशतसम्म काम गरेको पाइएको अधिकारीहरुले जनाएका छन् । यसको परीक्षण तेस्रो चरणसम्म भएको थियो । सामान्य वा नियमित अवस्थामा भने यी खोपहरु प्रयोग गर्न प्रतिबन्ध लगाइएको छ । यसको विकास र परीक्षणको काम अझै पनि जारी रहेको छ । भारत बायोटेकको खोप भने आइसिएमआर र नेसनल इन्स्टिच्यूट अफ भाइरोलोजीले संयुक्त रुपमा विकास गरेका हुन् । विश्वभरी नै राम्रो मानिएको प्रणाली मार्फत यसको विकास गरिएको पनि अधिकारीहरुले जनाएका छन् । सेरम र भारत बायोटेकका खोपहरु दुई डोज लगाउनु पर्नेछ भने यी खोपहरु २ देखि ८ डिग्री सेल्सियसमा भण्डार गर्न सकिने छ ।

### बन्दुकधारीद्वारा पाकिस्तानमा ११ मजदुरको हत्या

पाकिस्तानको बलुचिस्तान प्रान्तमा भएको घटनामा परी कम्तीमा ११ मजदुरको मृत्यु भएको छ । कोइलाखानीमा भएको घटनामा परी त्यहीँ कार्यरत मजदुरहरुको मृत्यु भएको हो भने अरु तीन जना घाइते भएका छन् । बोलान जिल्लामा शनिबार गोलीकाण्ड भएको अधिकारीहरुले आइतबार जानकारी दिएका छन् । मजदुरहरुलाई अपरिचित लडाकूहरुले गोली प्रहार गरेको बोलानका उप-आयुक्त मुराद कासीले बताउनुभयो । घटनामा परी घाइते भएका मजदुरहरुलाई स्थानीय अस्पतालमा उपचार गराइएको छ । उनीहरुको अवस्थाका बारेमा जानकारी गराइएको छैन । घटनाका बारेमा अनुसन्धान भइरहेको र अहिलेसम्म कसैले आफ्नो संलग्नताको जिम्मेबारी पनि नलिएको अधिकारहिरुले जनाएका छन् ।

### अफगानमा रक्तपात जारी रहेकै अवस्थामा शान्ति वार्ता शुरु

अफगानिस्तानमा राजनीतिक प्रेरित हत्या र हिंसाका घटना दिनहुँ भइरहेकै अवस्थामा अफगान सरकार र प्रमुख विद्रोही तालिबान समूहबीच कतारमा पुनः वार्ता शुरु भएको छ । महिनौंदेखि वार्ताको क्रम जारी रहे पनि त्यसबाट झिनो सफलता हात लागेको छ, तर दुबै पक्षबीच गत वर्षका वार्ताहरुका आगामी वार्ताका लागि एजेन्डामा सहमति भएको छ जसलाई सुखद मानिएको छ । अफगान सरकारका वार्ताकारहरुले स्थायी युद्धबिराम र हालको शासकीय प्रणाली यथावत् राख्न विशेष रुपमा जोड दिनेछन् । तालिबानी समूहले भने सन् २००१ मा अमेरिकी नेतृत्वमा भएको आक्रमणबाट तालिबान शासन पतन हुँदाको अवस्थाकै शासकीय संरचना चाहेका छन् । एक जना अफगान सरकारी वार्ताकार गुलाम फारुख मजरोहले एएफपीसँग भन्नुभयो, "वार्ता धेरै जटिल र समय लाग्ने किसिमको हुने निश्चित छ । तर हामी जतिसक्दो चाँडो सकारात्मक नतिजा प्राप्त हुनेमा आशावादी छौं किनभने मानिसहरु यस रक्तपातपूर्ण युद्धबाट थकित भइसकेका छन् ।

### बेलायतमा कोभिड-१९ संक्रमण दर बढिरहेका समय विद्यालय खोल्ने तयारी गरिँदै

कोरोना भाइरस सङ्क्रमणका घटनामा वृद्धि भएपछि विश्वव्यापी समस्या बनेको कोभिड-१९ सँगको प्रतिरोधी कदमका रूपमा कडा प्रतिबन्धात्मक नियमलाई लागु गर्नुपर्ने हुनसक्ने कुरा बेलायती प्रधानमन्त्री बोरिस जोनसनले आइतवार बताउनुभएको छ । यद्यपि हाल बेलायती विद्यालय सञ्चालनका लागि समस्या नभएको भन्दै क्रिसमसपछि आफ्ना नानीबाबुहरूलाई विद्यालय पठाउन प्रधानमन्त्री जोनसनले आग्रह गर्नुभयो । विद्यालय खोल्नुहुन्छ कि हुँदैन भन्ने विषयमा विगतमा जोनसन र सत्ताधारी दलकै कतिपय नेताहरूमा विवाद उत्पन्न भएपनि अहिले विद्यालय सञ्चालन गर्न सकिनेमा धेरैजसो सहमति नजिक रहेका छन् । "हामीले आउँदो केही हप्ताहरूमा देशको धेरै भागहरूमा कडा प्रतिबन्धात्मक नियमहरू लगाउन आवश्यक पर्नसक्छ," जोनसनले बीबीसीको द एन्ड्र्यू मारको कार्यक्रममा भन्नुभयो । "म सम्पूर्ण रूपमा प्रतिबन्ध लगाउनुपर्नेमा सहमत बनेको छु ।" विद्यालयहरू लामो समयदेखि बन्द रहँदा सुन्दर भविष्यको कल्पना गरी विद्यालय जाने लाखौँ विद्यार्थीको पढाइमा समस्या भएको बताउँदै प्रधानमन्त्री जोनसनले अभिभावकहरूलाई आग्रह गर्नुभयो, "तपाइहरूले क्रिसमसपछि खुला गरिने विद्यालयमा आफ्ना नानीबाबुहरूलाई पठाएर सहयोग गर्नुपर्छ ।" बेलायतले शनिबार २४ घण्टाको समयमा ५७ हजार ७२५ व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको जनाएको छ । यो महामारी सुरुभएदेखि नै २४ घण्टामा सङ्क्रमित हुनेको सबैभन्दा बढी सङ्ख्या हो ।

# पुरुष अधिकारमा एउटा दृष्टि



दामोदर ढकाल 'दीपक'

यो कथा पढिरहदा धन र पद गुम्ने खतारामा चुं समेत नबोल्ने साथी, मदिराले लठ्ठ भएर ज्यान मार्न उद्दत मन्त्री, सि.डि. ओ. र डि.एस.पीका कला कर्तुत पढ्दा पाठकहरूको खुन उम्लेर आउँछ। संवाद : डि. एस. पि. को बोलीमा लोली मिलाएर मन्त्रीले सही थापे, 'हो...हो.... डी.एस.पी. सा'पको कुरा ठीक हो, यसलाई आजै गोली ठोक्नै पर्छ। मार्ने पर्छ। कति मज्जा थियो पञ्चायतकालमा हामीलाई, यस्तै दुष्टहरूले गर्दा पञ्चायत गएर बहुदल आयो...तैविसेक **क्रमश:**

यी आतङ्ककारी भन्दा धेरै उदार काँग्रेस र एमाले भएकाले हामी पञ्चहरू कोही उतै छिर्न पायौं। कोही आफैंले पार्टी खोलेर मन्त्री खान पाएका छौं। तर यी दुष्टहरूले भने भ्कैं साँच्चै हुने हो भने त हाम्रो राज त सदा सदाको लागि मासिन्छ नि। त्यसैले उठौं उठिहालौं यस आतङ्ककारीलाई अहिल्यै नै गोलीले भुटीहालौं।

यो कथा कथाकारले २०५० साल कार्तिक ३ गते तातोपानी म्याग्दीमा बस्दा लेख्नुभएको उल्लेख छ।

**दान-दच्छिना:** यस सङ्ग्रहको बाह्रौं कथा हो दान दच्छिना। अत्यन्त रमाइलो शैलीमा लेखिएको यो कथामा अन्धविश्वाशको कारण धन सम्पत्ति सकिएको कुरा रोचक ढंगले देखाइएको छ। पण्डितले सपनाको माध्यमले लुटे सहर आज पनि सामाजिक संस्था चलाउनेहरूले लुटिरहेको दृष्टान्त बनेको छ। झट पढ्दा दन्तेकथा जस्तो लागे पनि यो कथाले बोकेको सन्देश अथाह छ। सोझाहरू समाजमा पिल्सिएको कथा जस्तै आज सम्म यी कार्य यथावत रहेका छन्।

यस कथाका प्रमुख पात्रहरू: जुठे, काले खत्री, छट्टु बाहुन , जुठेकी आमा, मीत बा

यो कथा पढिरहदा निसाफ मिलाउने छट्टु स्यालको कथा जस्तै लाग्छ छट्टु बाहुनको कर्तुत। पाकठकहरू यति रमाउछन् कि यो कथा पढ्दा यसको बयान गरिसाध्य छैन।

संवाद: तर छट्टु बाहुन हँसिलो खुशिलो र रसिलो देखिन्थ्यो। बाहुनले भन्यो, 'दान दच्छिनाको महिमा यो कलिमा जुठेले भन्दा अरू कसले पो जानेको छ रै'छ र ? घर, खेत बारी र वस्तुभाउ तथा सुन चाँदी दान गरिहालिस्। घर दान गरे घरभित्रका अन्न , पात र चित्रापाता त्यसैमा गैहाले। ठीकै भनिस् अब तँसँग सबै कुरा सकिए। तर म भन्छु अझै पनि तँ गरिब भ'को छैनस्। किनभने आजको दान गर्ने गाईका बाच्छी छँदैछन् र बरु अर्को दान गर्नुपर्छ त्यो के भने तेरा बाउलाई चिसाको तातो बनाएर खुवाउन र घुर तताउनको लागि एउटी आइमाई त चाहियो नि .....। आज तेरी आमालाई पनि दान दच्छिना गर।' यति भनिसक्दा छट्टु बाहुनले काले खत्रीको तरुनी विधुवातिर कामुक नजर फ्याक्दै फिसिक्क हाँसेको थियो।

**ढिकीचौरैका गाईभैंसी** :यस सङ्ग्रहको तेह्रौ कथा हो ढिकीचौरेका गाईभैंसी। यो कथा संस्मरण सत्यकथा भनिए पनि एकदमै बिम्बात्म कथा हो। ढिकीचौरैका गाईभैंसीसँग कैदी बन्दीलाई तुलनात्मक विश्लेषण गर्ने कथाकारको खुबी देख्दा कथाकार अन्तराष्ट्रिय स्तरको लेखक भएको झल्को देखिन्छ। यस सङ्ग्रहका कथामध्येको सबैभन्दा उत्कृष्ट कथा हो।

यस कथाका प्रमुख पात्रहरू:म, ढिकिचौरै, एकहुल सेना

यो कथा पढिरहँदा नरबहादुर बि.सि पात्रलाई पाठकले पढन् पाउँछन् र कथाकारको आफ्नै व्यामा आधारित कथा हो कि भन्ने अनुमान लगाउन सक्छन्।

संवाद : 'नर बहादुर बि.सी. जी' भन्दै भन्दै माइकबाट मेरो नाम बोलाइयो। 'तपाईंको दानापानी सकिएछ ' भन्दै ढोका पालेहरूले फलामे ढोका खोलिदिए। म बाहिर निस्किएँ।

यो कथाको लेखिएको मिति नभएपनि केन्द्रीय कारागार काठमाडौँमा बस्दा लेखिएको उल्लेख छ।

**यस्तो पनि जीवन:** यस सङ्ग्रहको चौथौं कथा हो यस्तो पनि जीवन। समाजमा भएको अन्याय र अत्याचारको विरुद्ध आवाज उठाउनेको मॅत्यू पश्चात उसको परिवारमा पर्ने मानसिक र सामाजिक कठिनाइलाई उजागर गरि लेखिएको यो कथा अत्यन्त उत्कृष्ट कथा हो। यहाँ उठाइएकी शहीद पत्नीको जस्तै जीवन बिताइरहेका छन् महान जनयुद्धमा आफ्ना पति गुमाएका शहीद पत्निहरूले। कथाकारले यस कथालाई लगेरको फिल्मको पोष्टर भनेर अन्त्य गरेपनि यो फिल्मको कथा नभएर नेपाली समाजको यथार्थ कथा हो।

यस कथाका प्रमुख पात्रहरू: हरिबहादुर, श्यामकी श्रीमती , श्यामकी आमा ,श्यामका छोरीहरू, साहू र उसका भरौटे आदि।

यो कथा पढिरहदा पाठकहरू आक्रोसित बन्छन्। अन्याय र अत्याचारका विरुद्ध बोल्नेका परिवारका सदस्यले भोगेको घटना सुन्दा सबैको आँखाबाट बरबर्ती आउँछन्।

संवाद: साहू अब पूर्ण आवेगमा आएर गर्जियो 'ए पोई टोकुवा अलच्छीनी रण्डी। अझै मसित जोडका तोड गर्छेस ? कुन तेरो नाठो छेउमा राखेर बलियी भएकीछेस् हँ तँ आज......कुन नाठो हो त्यो छिटो भन्। म जस्तो गाउँको राजालाई ठाडो जवाफ पो गर्छे। उग्रवादी श्यामेलाई मार्‍यौ भनेको त त्यसको भूत आएर रातभरि सिकाउछ कि कसो हँ वेश्या ? याद गर .....भोलि थाहा पाउलिस्।

यो कथा लेखेको मिति र स्थान लेखकक्ले उल्लेख गर्नुभएको छैन।

**हरि दाइ** :यस सङ्ग्रहको पन्ध्रौं कथा हो हरि दाई। यो कथामा वैदेशिक रोजगारीबाट छोराहरूले कमाएको घनको घमण्डले आफूलाई महाराजा ठान्ने व्यक्ति र गाउँमा पठाउने एकजना शिक्षक बीचको रोमाञ्चक वार्ता प्रस्तुत गरिएको छ। यस कथामा शिक्षकको विदेताको अगाडि धनको तुजुक धेरै बेर टिक्न नसकेको कुरा कथामा कालिगडी ढंगमा उतारिएको छ।

यस कथाका प्रमुख प्रमुख पात्रहरू: म, हरिदाई , साने तामाङ आदि

यो कथा पढिरहदा पाठकहरूले स्थानिय भाषाको रस्वास्वादन गर्दै रोमाञ्चक ढंगले धन र विद्याको जुहारी पढ्न पाउँछन् र रमाइलो अनुभूति गर्नेछन्।

संवाद : हरि दाइ कड्किए। 'ए गाँठ! एउडो जाबो मास्टरले त्यतिभाँती पैसो कमाउन कसरी सउचस् ? मेरा अगाडि त्यस्तरी फाँइफुट्टी लाउन तँलाई सरम लाउन्न ? त्यस्तो कमाई नेपालाँ हुनी भए मेरा छोराहरू किन विदेशाँ धाँउथे र म कस्तरी राजाका गाउँमा आएर मुन्टो हल्लाउन पाउतें। मसित त्यस्ता खिसीच्ट् युरी त अर्दै नअर न गाँठे।'

यो कथा २०६६ साल पुस ७ गते बानियाँटार काठमाडौंमा लेखिएको उल्लेख गरिएको छ।

**मितेरी:** यो कथा सङ्ग्रहको सोह्रौं तथा अन्तिम कथा हो मितेरी। यस सङ्ग्रहमा आफ्नो दिलो ज्यानले बचाउने गरिब मित र मितलाई आपत पर्दा सहयोग नगर्ने धनी मितको कथा प्रस्तुत गरिएको छ। गरिव मितको मन फराकिलो, दयालु र सजिव छ तर धनी मितको मन प्लास्टिकले बनेको वा निर्जिव देखाइएको छ।

यस कथाका प्रमुख पात्रहरु: देवेन्द्र, देवेकामी र उसकी श्रीमती।

यो कथा पढिरहँदा पाठकहरूले जातिय कुरा उठान भएकोमा अलिकति नमज्जा मान्न सक्छन् तर कथाले समाजको यथार्थ बोलेकोले कथाकारको प्रशंसा गर्नेछन्।

संवाद : देवेन्द्र शाह आफ्नै पारामा कड्कियो , 'जातले पो हो हुन्छ लौ वरिया लै भन्दै हाम्रा हजुरवाले भनेको ठीकै रै'छ। तपाईं कस्तो मूर्ख मान्छे। कामीको छोरा त हो... के को वुद्धि हुनु .... हामी तीन भाइलाई तिनोटा बंगला चाहिन्छ भन्ने थाहा छैन ?' त्यसैले अहिले म काठमाडौंमा अर्को वंगला किन्दैछु र म तपाईंलाई दश रुपैयाँ पनि सहयोग गर्न सक्दिन।'

यो कथा २०५८ साउन ४ गते बागवजार काठमाडौं मा लेखिएको उल्लेख गरिएको छ।

**कथा सङ्ग्रका विशेषता:**

कथा सङ्ग्रह डिमाइ साइजको रहेको छ।

कथा सङ्ग्रहमा लेखकका आफ्ना कुरा बाहेक कुनै शुभकामना र भूमिका राखिएको छैन।

दुईटा बाहेक अरु कथामा कथा लेखिएको मिति उल्लेख गरिएको छ। कथा लेखन मिति उल्लेख नगरिएका कथाहरू 'ढिकीचौरेका गाईभैंसी' र यस्तो पनि जीवन हुन्।

एउटा कथामा जन्ममिति र लेखेको स्थान लेखिएको छैन। उक्त कथाको नाम 'यस्तो पनि जीवन' हो।

यो सङ्ग्रहमा सबैभन्दा पहिले लेखेको कथा मलायाको लाहुरे हो भने सबैभन्दा अन्तिममा लेखेको कथा हरि दाई हुन्। यी दुई कथामा २९ वर्षको फरक देखिन्छ।

यो सङ्ग्रहमा लेख्य र कथ्य दुबै प्रकारका भाषाको उचित प्रयोग गरिएको पाइन्छ।

**निष्कर्ष** : पुरुष अधिकार कथा सङ्ग्रह एक उत्कृष्ट कथा सङ्ग्रह हो। यी कथाहरू समाजका घटना र रिघटनालाई टिपेर उनिएका सुन्दर मालाहरू हुन्। समाजका यथार्थ चित्र बोकेका दस्तावेजहरू हुन्। कथा पढ्दा पाठकले लेखकसँग गुनासो गर्ने मौका पाउँदैनन्। खारिएका माझिएका र सुन्दर लेखन सिल्पले सजिएका १६ कथा पाठकहरूले सूरुचिपूर्वक एकै बसाईमा पढेर सक्छन्। कथाकारको कथा लेख्ने शैलि सिल्प पृथक र मन लोभ्याउने खालको रहेको छ। नेपाली साहित्य आकाशमा यो सङ्ग्रह मार्फत कथाकार सधैँ चम्किरहनु हुनेछ। कथा सङ्ग्रहको सफतलाको कामना सहित चाँडै अर्को कथा सङ्ग्रह पढ्ने तीव्र अभिलासा राख्दै कथाकार नरबहादुर बि.सी.मा हार्दिक सम्मान। **समाप्त**

# भ्रष्टाचार नियन्त्रण निकायमा नियुक्ति

– विश्व कुइकेल

समृद्ध मुलुक निर्माणको प्रमुख अवरोधको रूपमा रहने भ्रष्टाचार नियमनमा कुनै पनि राष्ट्रले प्रतिबद्धता प्रकट नगरिरहन सक्दैन। नेपालले पनि अन्तर्राष्ट्रियरूपमा नै भ्रष्टाचार विरूद्धको अभियानमा प्रतिबद्धता प्रकट गरेको र सोअनुसारको व्यवस्था गर्दै आएको छ। संसारभर भ्रष्टाचार नियन्त्रण, नियमनको लागि गरिने विभिन्न अभ्यासमध्ये एक प्रभावकारी माध्यमको रूपमा 'अम्बुड्सम्यान' को परिकल्पना गरिएको पाइन्छ। जसको लागि विभिन्न नाम दिइन्छ। स्वीकार्य परिभाषाहरुको आधारमा अम्बुड्सम्यानलाई संविधान वा व्यवस्थापिका वा संसद्को कारबाहीबाट स्थापित हुने निकायको रूपमा संसद्प्रति उत्तरदायी स्वतन्त्र, उच्चस्तरीय सार्वजनिक अधिकारीले नेतृत्व गर्ने निकायको रूपमा बुझिन्छ। यसले सरकारी निकाय, सार्वजनिक पदाधिकारी र कर्मचारीविरूद्धको गुनासो ग्रहण गर्ने, सोउपर स्वतन्त्ररूपमा अनुसन्धान गर्ने, सुधारका लागि सुझाव गर्ने र प्रतिवेदन गर्नेलगायतका काम गर्ने गर्छ।

यस दृष्टिले हेर्दा अम्बुड्सम्यान सार्वजनिक निकाय वा पदाधिकारीको कार्यसम्पादन प्रतिको गुनासो सुन्ने निकायको रूपमा रहेको देखिन्छ। विश्व परिवेशमा जसरी फरकफरक अभ्यास देखिन्छ, त्यसैगरी प्रभावकारिताको दृष्टिले समेत फरकपन नै पाइन्छ। नेपालको सन्दर्भमा अम्बुड्सम्यानको काम गर्ने निकायहरु विशेषतः भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरूको प्रभावकारितालाई यसको गठन र पदाधिकारीहरूको नियुक्तिको तरिकासँग जोडेर समेत व्याख्या गरिएको पाइन्छ। यसै सन्दर्भमा केही मुलुकको गठन एवं नियुक्ति अभ्यासलाई जोडेर केही तथ्य र तर्कलाई यहाँ समेट्ने प्रयास गरिएको छ। सार्वजनिक निकाय वा पदाधिकारीहरुको कार्यसम्पादनसँग सम्बन्धित गुनासोसँग जोडेर हेर्ने हो भने नेपालमा थुप्रै निकायले अम्बुड्सम्यानको काम गरेको भन्न सकिन्छ। तथापि भ्रष्टाचार नियन्त्रणसँग मात्र जोडेर हेर्ने हो भने राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नै प्रमुख निकायको रूपमा रहेको देखिन्छ। मित्रराष्ट्र भारतमा हेर्ने हो भने लोकपाल र लोक आयुक्तजस्ता निकायहरु रहेका छन्। उत्तरी छिमेकी चीनमा राष्ट्रिय सुपरीवेक्षण आयोग नामक निकाय रहेको पाइन्छ।

जापानमा भने भ्रष्टाचारलाई पनि अरु अपराधसँग नै जोडेर प्रहरी र सरकारी वकिलमार्फत नै अनुसन्धान र अभियोजनको कार्य गरिन्छ। दक्षिण कोरियाले नागरिक अधिकार र भ्रष्टाचारलाई सँगै जोडेर हेर्ने निकायको रूपमा भ्रष्टाचारविरूद्ध र नागरिक अधिकारसम्बन्धी आयोगको व्यवस्था गरेको देखिन्छ। यीबाहेक अन्य विभिन्न देशमा पनि यस्तो व्यवस्था छ। नियामक निकाय मात्र सबल भएर वा यसको भूमिकालाई मात्र विस्तृत बनाएर भ्रष्टाचार न्यूनीकरण हुँदैन। राष्ट्रको भ्रष्टाचार सूचकलाई हेर्दा सङ्गठनात्मक स्वरूपको कारणले मात्र कुनै पनि देशको भ्रष्टाचार नियामक निकाय सफल छ भन्ने निष्कर्ष निकाल्न कठिन देखिन्छ।

विभिन्न देशहरूले फरकफरक ढङ्गको एम्बुड्सम्यान गठन गरेझैं त्यस्ता संस्थामा पदाधिकारीहरूको नियुक्ति पनि फरकफरक तरिकाले नै गर्छन्। भारतको लोकपाल र लोक आयुक्त ऐन, २०१३ को अनुसार लोकपाल नियुक्ति गर्न नेपालसँग मिल्दोजुल्दो संरचना क्रियाशील रहेको देखिन्छ। सो ऐनको दफा ४ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा, लोकसभाको सभामुख, लोकसभामा विपक्षी दलको नेता, प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीश र यी चार जनाले सिफारिस गरेको प्रसिद्ध न्यायविद् रहेको सिफारिस समिति हुन्छ।

समितिले सुझाए अनुसारको व्यक्तिलाई प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त गरिन्छ। प्रदेश राज्यमा रहने लोक आयुक्तको नियुक्ति भने सम्बन्धित राज्यको कानुनअनुसार नै हुने व्यवस्था रहेको देखिन्छ। चीनको सुपरीवेक्षण आयोगको निर्देशक भने चीनको संसद्ले नियुक्त गर्ने गरेको देखिन्छ। जापानको संरचना नियमित कर्मचारीतन्त्रीय संरचना भएकोले निजामती वा प्रहरी प्रशासनमा नियुक्तिको व्यवस्थाभन्दा फरक नहुने अनुमान गर्न सकिन्छ। दक्षिण कोरियाली संस्थामा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रमुख र उपप्रमुखहरु नियुक्त गर्ने व्यवस्था छ।

अष्ट्रेलियाको अम्बुड्सम्यान सम्बन्धी ऐन, २०७६ ले गभर्नर जनरलबाट नियुक्त हुने भनेको छ। गभर्नर जनरल नै अष्ट्रेलियाको मन्त्रीमण्डलको सिफारिसमा बेलायती राजसंस्थाबाट नियुक्त हुनेजस्तो आलंकारिक प्रकृति एवं कार्यकारी अधिकार नभएको पद भएकोले नियुक्तिमा प्रधानमन्त्रीको भूमिका अहम् हुने भनी बुझ्न कठिन हुँदैन। डेनमार्कको अम्बुड्सम्यान संसदीय भएकोले यो संसद्बाट छनोट हुने पदको रूपमा रहेको छ, जसका लागि सम्भावित व्यक्तिको सिफारिस भने कानुनी मामिला सम्बन्धी संसदीय समितिले गर्छ।

नेपालको सन्दर्भमा राष्ट्रिय सतर्कता केन्द्र विभागीय प्रकृतिको सङ्गठन भएकोले नियमित कर्मचारीन्त्रीय ढाँचामा नै रहेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग भने संवैधानिक निकायको रूपमा रहेको र यसमा एक प्रमुख आयुक्तसहित चार आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने भन्ने व्यवस्था छ।

धारा २८४ मा उल्लेख भएबमोजिम संवैधानिक परिषद् प्रधानमन्त्रीको अध्यक्षतामा प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख रहने समिति हो। यो समितिको संरचनालाई हेर्दा देशको कार्यकारी प्रमुख, सत्तासीन दलबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरु, विपक्षमा रहेको दलबाट प्रतिनिधित्व गर्ने पदाधिकारी र सर्वोच्च न्यायिक निकायको प्रतिनिधित्व रहने देखिन्छ। यसरी हेर्दा संवैधानिक परिषद्को स्वरूप बहुसरोकारवाला, बहुपक्षीय र सन्तुलन कायम गर्न खोजिएको आभाष हुन्छ। साथै संवैधानिक परिषद्को सचिव भई नेपाल सरकारको मुख्य सचिवले कार्य गर्ने समेत देखिँदा सार्वजनिक प्रशासनको सर्वोच्च पदाधिकारीबाट आफनो विज्ञता प्रयोग गरी परिषद्लाई सहयोग गर्ने अवस्था समेत छ। भ्रष्टाचार नियामक निकायमा नियुक्ति र नियुक्तिकै कारणले यसको प्रभावकारिताको विश्लेषण गर्नुअघि माथि उल्लेख गरिएका राष्ट्रहरुको भ्रष्टाचारसम्बन्धी सूचकको समेत जानकारी राख्नु उपयुक्त हुन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले 'करप्सन पर्सेप्सन इन्डेक्स'को आधारमा कुनै पनि राष्ट्रको भ्रष्टाचारको अवस्थालाई प्रष्ट पार्ने गरेको छ। सन् २०१९ को लागि यस सूचकको आधारमा हेर्ने हो भने डेनमार्क कुल १०० मध्ये ८७ अंकसहित प्रथम स्थानमा रहेको देखिन्छ। यसैगरी अष्ट्रेलिया, जापान, दक्षिण कोरिया, चीन, भारत र नेपाल क्रमशः ७७, ७३, ५९, ४१, ४१ र ३४ अंकसहित क्रमशः १२, २०, ३९, ८०, ८० र ११३ औं स्थानमा रहेको देखिन्छ। यसरी हेर्दा स्वतन्त्र, निष्पक्ष र विज्ञहरूबाट छनोट भई नियुक्ति हुनु, संवैधानिक हैसियत प्राप्त हुनु वा राजनीतिक चरित्रको निकायबाट राजनीतिक प्रकृतिबाट नियुक्ति हुनु वा सरकारको विवेकबाट नियुक्त हुनु वा कर्मचारीतन्त्रीय ढाँचामा रहेका विभागीय प्रकृतिका निकाय वा पदाधिकारीहरूबाट भ्रष्टाचारमाथिको नियमनमा परेको असर वा खेलेको भूमिकालाई कुनै मानचित्रमा राखी विश्लेषण गर्न नसकिने देखिन्छ। जापानबाहेक उल्लेखित राष्ट्रहरूको सन्दर्भमा नियुक्तिका लागि कुनै न कुनै सचिवालय ढाँचाको निर्धारण गरिएको छ।

सैद्धान्तिक रूपमा भन्ने हो भने उक्त सचिवालयले नियुक्तिका लागि सिफारिस गर्ने आधारहरु तयार गर्ने र सोही आधारमा नै नामहरु प्रस्तावित गर्ने विधि हुनुपर्छ। यसलाई वैज्ञानिक बनाउन कार्यविधि, मापदण्डको व्यवस्था हुनुपर्छ। प्रतिस्पर्धा, योग्यता, क्षमता र कार्ययोजनाको आधारमा नियुक्त गर्ने परिपाटीसमेत हुन्छ। केही विद्वान्हरूले मूल्यांकन केन्द्र नामको संरचनाको समेत परिकल्पना गरेका छन्, जसले यस्तो निकायमा नियुक्तिका लागि योग्य उम्मेदवारहरूको सिफारिस गर्छ। यहाँ मूल्यांकन केन्द्रमा नियुक्तिको विषय पनि जटिल हुनसक्छ किनकि यसमा रहने पदाधिकारीहरु विज्ञताको आधारमा नियुक्त गरिने भनिए पनि वैज्ञानिकता दिन कठिन हुन्छ। अतः भ्रष्टाचारको नियमनका लागि स्थापना गरिएका निकायहरुको प्रभावकारितालाई नियुक्तिको आधारबाट मात्र विश्लेषण गर्नु एकपक्षीय हो। यसबाट कुनै निचोडमा पुग्नुलाई यथार्थ विश्लेषणमा आधारित भन्न सकिँदैन।

नेपालको सन्दर्भमा, नियुक्तिका लागि सिफारिस गर्न जुन परिषद् र सचिवालयको व्यवस्था गरिएको छ, त्यो संसारकै उत्कृष्टमध्येको होभन्दा अत्युक्ति हुँदैन। सचिवालयले आफनो तवरबाट सम्भावित नामहरूको तयारी गर्ने गरेको छ। त्यसमाथि पनि नियुक्ति अगाडि हुने संसदीय समितिको सुनुवाइको विशिष्ट विधि निर्धारण गरिएको छ। गुनासो संकलन, सवाल जवाफ, कार्ययोजना माग गर्ने अभ्यास छ। यसबाट नियुक्त हुने पदाधिकारीको योग्यता र क्षमता परख हुने गर्छ। तथापि यसलाई अझ व्यवस्थित गर्न सचिवालयलाई मूल्यांकन केन्द्रको रूपमा विकास गर्ने र मूल्यांकन केन्द्रले सम्भावित नामहरूको सूची तयार गर्ने, आकांक्षा ग्रहण गर्ने, सूची अध्यावधिक गर्ने एवं निजको बारेमा विभिन्न स्रोतबाट सूचनाहरु ग्रहण गरी सोको निरन्तर विश्लेषण गर्ने एवं योग्यतमहरूको सूची तयार गरी परिषद्मा छलफलका लागि पठाउनेजस्तो व्यवस्थाहरु थप गर्नसमेत सकिन्छ।

( लेखक अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उपसचिव हुनुहुन्छ। ) गोरखापत्र

जन आकाश
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



## शहरी.......

अभ्यास थाल्नु पर्ने टडकारो आजको आवश्यक्ता देखिन्छ। सम्बन्धित निकायको ध्यान जाओस र असल नेपाली समाज निर्माण गर्ने यो पनि एउटा तरिका हुनसक्छ।

## राजनीतिक....

स्पष्टीकरण दिएको छ।

आयोग स्रोतले भन्यो, 'अब सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरेन र निर्वाचनको बाटो खोल्यो भने निर्वाचनको तयारी पनि हुँदै जान्छ, निर्वाचन कार्यक्रम पनि प्रकाशित हुन्छ र सोही अवधिमा दरहरुबीचको विवाद पनि निरुपण हुँदै जान्छ।' निर्वाचन अवधि सुरु भएपछि विवाद निरुपण गर्न नपाइने २३ (६) को प्रावधान नहटाउने हो भने नेकपाको कुनै एउटा पक्षले चुनावमा भाग लिन नपाउने स्थिति देखिएकाले यो प्रवाधान हटाइएको आयोग स्रोतले बतायो।

## मेलम्ची.......

पानी नपुग्ने ठाउँ हुनसक्ने भएकाले ती ठाउँ पहिचान गरी जडानमा ध्यान दिइनेछ। उहाँले भन्नुभयो, कतै जडान गर्नुपर्ने त कतै हटाउनुपर्ने हुनसक्छ।

पानी वितरणका लागि व्यवस्थापन गर्न प्रमुख कार्यकारी अधिकृत शाक्यको अध्यक्षतामा खानेपानी मन्त्रालय, निर्देशनालय र बोर्डका प्रतिनिधि रहने गरी समिति बनाइएको छ। खानेपानी मन्त्रालय र आयाजनाले सुरुमा रहेका त्रुटि हटाइसकेर छिट्टै परीक्षण गर्ने गरी तयारी अघि बढाइरहेको छ।

## स्पर्श.......

भिडियो (इन्डिजिनियस) - सोला श्रृंगार (थारू भाषा)
डेब्यू क्याटागोरी
बेस्ट मोडल डेब्यू (पपरमोर्डन, मेलर फिमेल) - आशिश कुमार रौनियार र रूबिष्का श्रेष्ठ
बेस्ट मोडल डेब्यू (लोक दोहोरी) - रूबेस बराइली
बेस्ट सिंगर डेब्यू (पपरमोर्डन, मेलर फिमेल) - आदित्य बुढाथोकी र काब्या गुरूङ
बेस्ट डाइरेक्टर (डेब्यू) - गोपाल ढकाल छन्दे (बाटो भन)
लोक दोहोरी क्याटागोरी
बेस्ट मोडल (लोकदोहोरी) - अनु पराजुली (केशरी)
बेस्ट सिनेमाटोग्राफर - महेश महरा (साइत)
बेस्ट डाइरेक्टर (लोक दोहोरी) - चित्र मास्के मगर (राम कसम)
पपरमोर्डन क्याटागोरी
बेस्ट किड मोडल- परिष्ना बास्तोला (गोलो गोलो अण्डा)
बेस्ट लिरिसिस्ट - दधी अधिकारी ( मेरो माया)
बेस्ट म्युजिक डाइरेक्टर - अर्जुन बोसेल (गोठालो)
बेस्ट सिंगर (मेलरफिमेल) -सपन र ईररानी शाक्य र सुमिता राई
पपुलर मोडल (मेलरफिमेल) - दिक्पाल कार्की र एलिजा गौतम
पपुलर सिंगर (मेलरफिमेल) - प्रताप दास र तायाहाङ्मा राई
बेस्ट सिनेमाटोग्राफर - मुकेश हुमागाईं (ए सानु)
बेस्ट मोडल — पल शाह (मायालु तिमी कता छौ)
बेस्ट म्युजिक भिडियो डाइरेक्टर - मिलन चाम्स
बेस्ट म्युजिक भिडियो - फोटो फिरि

## समाज......

सम्भव छैन् र भएको परिवर्तन पनि दिगो हुन सक्दैन भन्ने सिद्धान्त प्रस्तुत गर्नु भएको थियो। यसकारण सरकार वा समुदायको एक्लो प्रयासले समाज परिवर्तन हुन सक्दैन्। समाजको परिवर्तन र विकास नगरिकन सुखी समाज र कल्याणकारी राज्यको स्थापना गर्न तथा समृद्धि हासिल गर्न पनि सकिँदैन। राष्ट्रिय मेलमिलाप राष्ट्रिय शक्ति हो। यसर्थ, व्यक्ति, समुदाय, समाज, सरकार तथा राष्ट्रिय शक्तिहरुबीच मेलमिलाप गरेर सबै पक्षले गम्भीर भएर आआफनो जिम्मेवारी रकर्तव्य पूरा गरेको खण्डमा समाज परिवर्तन र विकास सहज रुपमा हुने निश्चित छ। राजधानी दैनिक

## नेपाली......

पेश गर्नुभएको थियो। कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक यही पुस २७ गते दिउँसो १ बजे पार्टी केन्द्रीय कार्यालयमा पुनः बस्ने मुख्य सचिव पौडेलले जानकारी दिनुभयो।

## निर्यात......

बढन, आयातमुखी अर्थतन्त्रलाई निर्यातमुखी बनाउन पहल गर्न, निर्यात प्रवर्धनका लागि सरकारसँग हातेमालो गर्न, प्रतिस्पर्धा क्षमता अभिवृद्धी गर्न, अन्तरराष्ट्रिय बजारमा नेपाली वस्तुको प्रवर्धनमा जोड लगाउन सघाउ पुग्ने उल्लेख गरे। साथै, चर्को भाडाका कारण नेपाली उत्पादनको मुल्य बढन गई प्रतिस्पर्धामा समस्या हुने गरेको जनाउदै निर्यात गर्न लागिएको वस्तुलाई बिना रोकतोक पठाउने गरि सहज वातावरण निर्माणका लागि सरकारले कदम चाल्नुपर्ने बताए। अध्यक्ष कार्कीले नेपालको निर्यात बजारलाई गुणस्तमुखी बनाउन बैंकहरुको चर्को ब्याज घटाउनुपर्ने, कामदार अभावको समस्या सुल्झाउन पहल गर्नुपर्ने, कच्चा पदार्थको अभाव हुन नदिने र बजारीकरणका लागि सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्ने विषयलाई केन्द्रित गरी निकासी दिवस मनाउन लागिएको बताएका थिए।

त्यसैगरि, परिषदका प्रथम उपाध्यक्ष रेशम बहादुर पोखरेलले निर्यात प्रवर्धन बेगर बढदो आयातलाई रोक्न नसकिने बताउदै निजी क्षेत्र र सरकारको संयुक्त प्रयासबाट मात्रै निर्यात फस्टाउन सक्ने उल्लेख गरेका थिए। सो अवसरमा परिषदका महासचिव रामशरण थपलियाले निर्यात दिवसको अवसर माफ परिषदले प्रत्येक बर्ष विविध प्रवर्धनात्मक कार्यक्रमको आयोजना गर्दै आएको जानकारी गराउदै निर्यात प्रवर्धनमा संचार माध्यमले रचनात्मक भूमिका खेल्नुपर्ने बताएका थिए। कार्यक्रममा नेपाल निर्यात परिषदका उपाध्यक्ष नरेशलाल श्रेष्ठ, व्यापार तथा निकासी प्रवर्धन केन्द्रका अधिकारी ,हस्तकला महासंघका पदाधिकारी, बैंक तथा वित्तिय क्षेत्रका प्रतिनिधी लगायतको उपस्थिती रहेको थियो।

# कृष्णसार ल्याउन अध्ययन शुरु

चितवन। वन्यजन्तुमा आधारित पर्यटकीय जिल्ला चितवनमा कृष्णसार पनि थप्नका लागि अध्ययन थालिएको छ। रत्ननगर नगरपालिकाको टिकौली क्षेत्रमा अध्ययन थालिएको बताइएको छ। सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिस्ट हरिभद्र आचार्यको संयोजकत्वमा गठित समितिले अध्ययन थालेको हो। समितिमा डिभिजन वन कार्यालय, स्थानीय सामुदायिक वन, रत्ननगर नगरपालिका, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रतिनिधि र विभागका सहायक इकोलोजोष्टि हेमराज आचार्य सदस्यसचिव रहनु भएको छ। केही वर्ष अघिदेखि नै टिकौलीमा कृष्णसार ल्याउने विषयमा बहस शुरु भएपछि ठोस काम हुन सकेको थिएन। संयोजक आचार्यका अनुसार यसै साता प्रतिवेदन दिने गरी काम भइरहेको छ। टोलीले स्थलगत अध्ययन गरी प्रतिवेदन बनाउने काम गरिरहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार ल्याउन उपयुक्त देखिएमा लाग्ने खर्च, ल्याउन सकिने सङ्ख्या, ठाउँ तयार पार्न लाग्ने खर्च र समय, ल्याएपछिको व्यवस्थापन कसले र कसरी गर्ने लगायतका विषयमा अध्ययन भइरहेको छ। सो ठाउँमा कम्तीमा २० हेक्टर जमीन कृष्णसारका लागि छुट्याउन सकिने अनुमान गरिएको छ। ल्याउन उपयुक्त देखिएमा बर्दियाको खैरापुर वा शुक्लाफाँटाबाट स्थानान्तरण गरी ल्याइने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "सम्भावना रह्यो भने यो ठाउँ दोस्रो स्थानान्तरण हुनेछ।" यसअघि खैरापुरबाट शुक्लाफाँटामा स्थानान्तरण गरिएको थियो। सङ्भ०स्ख्या हेरेर दुवै ठाउँबाट पनि ल्याउन सकिने उहाँले बताउनुभयो। आचार्यले कृष्णसार स्थानान्तरण गर्न सकिएमा प्रजाति विविधीकरणसँगै वंश संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

# मासिँदै छ सुन्तला : सरकारी क्षेत्रले चासो नदिँदा चिन्तित छन् किसान

किरण पौडेल

इलाम। सुन्तलामा अज्ञात रोगले आक्रमण गरेपछि किसान अन्योलमा परेका छन्। रोग देखापरेपछि उपचार विधि पत्ता नलाग्दा कतिपय किसानले वैकल्पिक खेती थालेका छन्। विगतका वर्षदेखि नै रोगले आक्रमण गरे पनि यस वर्ष भने रोगले उत्पादन आधा घटाएको छ। फल लाग्ने बेलामा रुख नै पहेँलो हुने, फल पाक्ने समय नभई पहेँलो हुने समस्याले सुन्तला बढी ग्रस्त भएको छ। व्यावसायिक खेती गर्दै आएका किसान यसको ठूलो मारमा परेका छन्। आम्दानीको मुख्य स्रोतमै रोगले आक्रमण गरेपछि आउँदा वर्षमा वैकल्पिक खेतीको तयारीमा रहेको इलाम नगरपालिकास्थित महभिरका किसान उमेश महत बताउनुहुन्छ। महतका अनुसार बर्खाको समयपछि सुन्तलामा क्रमिकरूपमा रोग देखा पर्न थाल्छ। "कतै औषधि छैन भनिन्छ, सुन्तलामा रोग देखिएको छ, उपचार विधि छैन", महतले भन्नुभयो, "सुन्तलाको लोकल (पुरानो) जातमा बढी रोग देखापरेको छ।" बीउबाट घरमै उत्पादन गरिएको सुन्तलालाई लोकल प्रजातिको सुन्तला भनिन्छ। जुन रैथाने जात हो। यसका अतिरिक्त अरू सुन्तलासँग 'क्रस' गराइएको जातको सुन्तलासमेत खेती गरिन्छ।

यो जातको सुन्तलामा रैथाने जातमा भन्दा कम रोग देखिएको किसानको भनाइ छ। महतको यस वर्षको सुन्तला रोगकै कारण उत्पादन खच्किएको छ। छ सय बोट सुन्तला लगाएकामा ४०० बोट सुन्तलाबाट मात्रै आम्दानी लिँदै आएको महतको भनाइ छ। "अर्को वर्ष यही बोट पनि मर्छन्। बर्सेनि रोग देखापरिरहेको छ", उहाँले भन्नुभयो। जिल्लाका सबै क्षेत्रमा सुन्तलामा रोग देखिएको छ। शुरुआती समयमा औल र बेँसी क्षेत्रमा देखिएको रोग विस्तारै माथिल्लो क्षेत्रमा उक्लिएको छ। विगत १० वर्षदेखि यो रोग देखापरे पनि कुनै क्षेत्रबाट चासो नदिँदा सुन्तला सखाप हुँदै गएको माइजोगमाई गाउँपालिकास्थित नामसालिडका किसान एवं सुन्तला व्यवसायी पदम राई बताउनुहुन्छ। उहाँका अनुसार बर्सेनि रोगले सुन्तलाको उत्पादन २० प्रतिशतले घट्दै छ। उहाँले रोगबाट बचाउनका लागि घरायसी उपचार गर्दासमेत कम नभएको बताउनुभयो। "जरा खनेर चुना लगाउने, विभिन्न किरा मार्ने भिटामिन लगाउने गर्दा पनि रोग जाति हुँदैन।" गएको वर्ष राईले रु २२ देखि २५ लाखको सुन्तला कारोवार गरेकामा यस वर्ष घटेर रु १० देखि १२ लाखमा पुग्ने अनुमान छ। सबै बगानको पुरानो बोट बिग्रिँदै गएकाले उत्पादनमा ह्रास आएको हो। पात कुहिने रोगसँगै केही किसानको बगानमा जरा कुहिने रोगले समेत सुन्तलालाई गाँजेको छ। एउटा रोगको चपेटामा परेको सुन्तलालाई बचाउन हम्मेहम्मे परेका बेला अर्को रोग थपिँदा किसानले सुन्तला मास्न थालेका छन्। अपेक्षाकृत फाइदा नहुँदा वैकल्पिक खेती (अलैँची, अदुवा) लगाउन थालेका छन्। आफ्नो बारीमा यी दुवै रोग देखापरेकाले वैकल्पिक खेती थालेको इलाम नगरपालिकास्थित मान्द्रेनीका किसान सामवेद चापागाईं बताउनुहुन्छ। बोट सुक्दै जाने अनि खोदल्दा जरा नै सुकेको अवस्था फेला पर्ने गरेको चापागाईंको भनाइ छ। सरकारी क्षेत्रमा गुहार्दासमेत चासो नदिएपछि सुन्तला खेती नै न्यूनीकरण गर्न लागेको चापागाईंको दुखेसो छ।"जिल्ला कृषि ज्ञान केन्द्रमा धेरैचोटि भन्न गएँ, केही पाइएन। माटो परीक्षण गर्ने भनेर लानुभो। त्यसको नतिजा पनि आएन", चापागाईंले भन्नुभयो, "आफैँ बरु जरा खोतलेर सुकेको जरा फ्याँक्ने काम गर्छु। यसले गर्दा रोग फैलिन पाएको छैन।" चापागाईंले सुन्तलाको रोगबारे जानकारी गराउन पटकपटक कृषि ज्ञान केन्द्र धाएको बताउनुभयो। यो रोगले बढी चिसो र बढी गर्मी क्षेत्रको सुन्तलालाई भेटको उहाँको भनाइ छ। शुरुआती समयदेखि नै प्राङ्गारिक खेती गर्दै आउनुभएका चापागाईंले अघिल्लो वर्ष कृषि क्षेत्रीय निर्देशनालय धनकुटाको विज्ञको समूहसँग परामर्शपछि रोग हटाउन रासायनिक मल प्रयोग गर्न थालेको बताउनुभयो। जिल्लाको कृषि क्षेत्र हेर्ने ज्ञान केन्द्रले ढुसी भन्दै माटो परीक्षण नगरिदिँदा रोग फैलँदो क्रममा रहेको उहाँले सुनाउनुभयो। यता कृषि ज्ञान केन्द्रले भने जिल्लाको सबै क्षेत्रमा पात पहेँलिने रोग भने देखापरेको बताएको छ। शुरुआती वर्षमा जिल्लाको नामसालिङ, सलकपुर र महभिर क्षेत्रमा बढी देखिएको केन्द्रले जनाएको छ। कृषि ज्ञान केन्द्रका अनुसार यी रोगको उपचार पद्धति हालसम्म कसैलाई पनि थाहा छैन। रोगको नामकरणसमेत नभएकाले केन्द्रसमेत अनभिज्ञ रहेको छ तर पुरानो सुन्तलाको बोट हटाएर नयाँ बोट लाउन सके रोग कम हुनसक्ने अनुमान केन्द्रको छ।

# सिमकोटमा दैनिक ११ घण्टा लोडसेडिङ

सिमकोट। हुम्लाको सदरमुकाम सिमकोटमा दैनिक ११ घण्टा लोडसेडिङ हुँदा एसइई तयारी गरिरहेका विद्यार्थीलाई बढी समस्या बनाएको छ। चर्को लोडसेडिङले आउने जेठमा एसइई तयारी गर्नका लागि सिमकोटमा टचुसन पढ्न आएका विद्यार्थीसहित सदरमुकाम सिमकोटवासीको दैनिकीमा समस्या भएको छ। कोरोना सङ्क्रमण त्रासले विद्यालय नखुलेर पढ्न नपाएका विद्यार्थीले हिउँदको समयमा सिमकोटमा लामो समय लोडसेडिङ हुन थालेपछि एसइईमा नम्बर राम्रो नआउने भएको भन्दै चिन्ता गर्न थालेका छन्। जिल्लामा शैक्षिक सत्र खुलेको एक महिनापछि नेपाल सरकारले कोरोना त्रासका कारण गत वर्षको चैत ५ गतेदेखि देशभरका विद्यालय बन्द गरेसँगै यहाँका विद्यार्थीको पठनपाठन प्रभावित बनेको हो। हिउँदे टचुसनको भरमा एसइईको तयारी गरि रहेका जिल्लाका विद्यार्थीलाई दैनिक ११ घण्टा लोडसेडिङ हुँदा निराशा छाएको छ। हिल्दुम साना जलविद्युत् आयोजनाको मुहानमा पानीको स्रोत कम भएपछि दैनिक ११ घण्टा लोडसेडिङ गर्नुपरेको नेपाल विद्युत् प्राधिकरण कार्यालय सिमकोटका लालबहादुर लम्सालले जानकारी दिनुभयो। यस्तै दैनिक ११ घण्टा लोडसेडिङले जिल्लाका सरकारी कार्यालयको प्रशासनिक काम तथा व्यापार-व्यवसाय प्रभावित बनाएको छ।




जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस